# सुनिलस्मृति गाउँपालिका

# स्थानीय राजपत्र

*खण्डः ७* | *संख्याः १* | *मितिः २०८०।०९।२९*

**भाग-१**

## स्थानिय स्वास्थ्य ऐन, २०८०

**प्रस्तावना:** सुनिलस्मृती गाउँपालीकावासीहरुलाई संबिधानले प्रदान गरेको स्वास्थ्य सम्वन्धी हक कायम गराउन "नेपालको संविधान,२०७२ को धारा ५७ को उपधारा (४) को अनुसूची ८ को सूची नं.९ र स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ११ झ मा उल्लेखित काम कर्तव्य र अधिकारको प्रयोजनको लागि र स्थानीय सरकार सञ्चालन ऐन २०७४ को परिच्छेद ३ को दफा ११.२. (ज) वाट सुनिलस्मृती गाउँपालिकाले पाएको अधिकार प्रयोग गरी गाउँपालिकाको क्षेत्रभित्र समग्र स्वास्थ्य क्षेत्रको विकासका लागी संघीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन व्यवस्था अनुकूल स्वास्थ्य सेवाको गुणस्तरीयता र सेवामा सबैको समान पहुँच कायम गर्न सुनिलस्मृती गाउँपालिकाको क्षेत्रमा स्थापना भएका र स्थापना हुने स्वास्थ्य संस्थाहरु तथा स्वास्थ्य व्यवसायमा व्यापक सुधार गर्दै समयानुकूल उच्च प्रविधियुक्त स्वास्थ्य सेवाको विकासर विस्तार गर्न गराउन स्पष्ट कानूनी व्यवस्था गरी कार्यसम्पादन गर्न वाञ्छनीय भएकाले,नेपालको संविधानको धारा २२६र स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा १०२ अनुसार सुनिलस्मृती गाउँपालिकाको गाउँसभावाट सुनिलस्मृती गाउँपालिकाको स्थानीय स्वास्थ्य ऐन, २०८० पारित गरिएकोछ।

## परिच्छेद १
## प्रारम्भिक

**१. संक्षिप्त नाम र प्रारम्भः**

क) यस ऐनको नाम स्थानीय स्वास्थ्य ऐन, २०८० रहेकोछ।

ख) यो ऐन सुनिलस्मृती गाउँपालिका भर लागु हुनेछ।

ग) यो ऐन गाउँसभावाट पारित भई स्थानीय राजपत्रमा प्रकाशन भए पछि लागु हुनेछ।

**२.परिभाषाः** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस ऐनमा,

क) "ऐन" भन्नाले सुनिलस्मृती गाउँपालिकाको स्वास्थ्य ऐन,२०८० लाई सम्झनुपर्छ।

ख) "संघीय ऐन" भन्नाले स्वास्थ्य सम्बन्धि संघीय संसदले बनाएको ऐनलाई बुझ्नुपर्दछ।

ग) "गाउँपालिका" भन्नाले सुनिलस्मृती गाउँपालिका वुझ्नुपर्छ।

घ) "गाउँसभा" भन्नाले सुनिलस्मृती गाउँपालिकाको गाउँसभालाई वुझ्नुपर्छ।

ङ) "कार्यपालिका" भन्नाले सुनिलस्मृती गाउँपालिकाको कार्यपालिका वुझ्नुपर्छ।

च) "अध्यक्ष" भन्नाले सुनिलस्मृती गाउँपालिकाको अध्यक्षलाई सम्झनुपर्छ।

छ) "उपाध्यक्ष" भन्नाले सुनिलस्मृती गाउँपालिकाको उपाध्यक्षलाई सम्झनुपर्छ।

ज) "प्रमुख प्रशासकीय अधिकृत" भन्नाले सुनिलस्मृती गाउँपालिकाको प्रमुखप्रशासकीय अधिकृतलाई सम्झनुपर्छ।

झ) "वडाअध्यक्ष" भन्नाले सुनिलस्मृती गाउँपालिकाका वडा अध्यक्षलाई सम्झनुपर्छ।

ञ) "कार्यपालिका सदस्य" भन्नाले सुनिलस्मृती गाउँपालिकाको कार्यपालिका सदस्य सम्झनुपर्छ। सो शब्दले गाउँपालिकाको अध्यक्ष, उपाध्यक्ष, वडा अध्यक्षलाई समेतलाई वुझाउछ।

ट) "वडासमिति" भन्नाले सुनिलस्मृती गाउँपालिकाको वडा अध्यक्ष र सदस्य रहेको वडा समितिलाई सम्झनुपर्छ।

ठ) "शाखा" भन्नाले सुनिलस्मृती गाउँपालिकाको स्वास्थ्य सेवा सम्वन्धी कामकाज गर्न गराउनको लागी तोकिएको शाखा/उपशाखा/इकाई सम्झनुपर्छ।

ड) "स्वास्थ्य संस्था" भन्नाले सरकारी स्तरबाट संचालित अस्पताल, प्राथामिक स्वास्थ्य केन्द्र, स्वास्थ्य चौकी, आधारभुत स्वास्थ्य सेवा केन्द्र, सामुदायीक स्वास्थ्य ईकाइ, आयुर्वेद तथा बैकल्पिक स्वास्थ्य सेवा प्रदान गर्ने स्वास्थ्य संस्थाहरुलाई सम्झनुपर्दछ।

ढ) "निजी" भन्नाले सेवाको सँगसँगै नाफाको समेत उद्देश्य राखी नीजि क्षेत्रवाट सञ्चालन हुने स्वास्थ्य संस्था भनेर सम्झनु पर्दछ । सो शब्दले गाउँपालिकाको क्षेत्र भित्र स्वास्थ्य उपचारको लागी खोलिएका शुल्क लिने सबै प्रकारका स्वास्थ्यसंस्थाहरु(जस्तैः अस्पताल,स्वास्थ्य क्लिनिक, पोलीक्लिनिक, नर्सिङ्गहोम, बैद्यखाना, सुधारकेन्द्र, फार्मेसी, अनुसन्धान केन्द्र/डाइग्नोसिससेन्टर, प्याथोलोजी, रक्तसञ्चार केन्द्र आदि) लाई बुझाउँछ।

ण) "ट्रष्ट वा लोककल्याणकारी" भन्नाले ट्रष्ट वा लोककल्याणकारी संस्था तथा गैह्रनाफामूलक संघ- संस्थाहरु मार्फत सञ्चालन हुने स्वास्थ्य संस्थाहरु(जस्तै अस्पताल, क्लिनिक, नर्सिङ्गहोम, बैद्यखाना, सुधारकेन्द्र ,फार्मेसी अनुसन्धानकेन्द्र/डाइग्नोसिस सेन्टर,रक्तसञ्चार केन्द्र आदि) लाई सम्झनुपर्दछ।

त) "स्वास्थ्य सेवा व्यबसाय" भन्नाले स्वास्थ्य उपचारको लागी चाहिने सवै प्रकारका औषधी, औजार, उपकरण लगायत सामाग्रीहरु उत्पादन गर्ने उद्योग, ओसारपसार, भण्डारण, विक्रि वितरण गर्ने तथा परामर्श दिने स्वास्थ्य व्यबसाय वुझ्नुपर्छ।

थ) "स्वास्थ्य शाखा प्रमुख" भन्नाले गाउँपालिकाको स्वास्थ्य सेवा व्यवस्थित सञ्चालन, व्यवस्थापन, नियमन, निर्देशन, अनुगमन र मूल्याङकन गर्ने तथा ऐन बमोजिम तोकिएका कार्य गर्न तोकिएको स्वास्थ्य शाखा प्रमुख कर्मचारी वुझ्नुपर्छ।

द) “कर्मचारी” भन्नाले स्वास्थ्य संस्थामा कार्यरत स्वास्थ्य सेवा प्रविधिक तथा प्रशासनिक कर्मचारी समेतलाई वुझ्नुपर्छ। सो शब्दले गाउँपालिका र मातहतमा कार्यरत कर्मचारीलाई समेत जनाउँछ।

ध) “अनुमति” भन्नाले संघीय सरकार, प्रदेश सरकार वा गाउँपालिकाले स्थायी स्वीकृति प्रदान गरी नसकेको कुनै तोकिएको ठाउँमा स्वास्थ्य संस्था वा स्वास्थ्य व्यबसाय खोल्न दिइएको अस्थायी स्वीकृतिलाई जनाउनेछ।

न) “स्वीकृति” भन्नाले तोकिए बमोजिमको सर्त पुरा गरेको स्वास्थ्य संस्था वा स्वास्थ्य व्यवसायलाई संघीय सरकार, प्रदेश सरकार वा गाउँपालिकाले दिएको स्थायी स्वीकृतिलाई जनाउँछ।

प) “तोकिएको” वा“ तोकिए बमोजिम” भन्नाले यस ऐन अन्तर्गत बनेका नियमावली, निर्देशिका, कार्यबिधीहरुमा तोकिएको वा तोकिए बमोजिम भन्ने जनाउँछ।

फ) “स्वास्थ्य समिति” भन्नाले दफा ५ अनुसार गाउँपालिकामा गठित स्वास्थ्य समितिलाई सम्झनु पर्दछ।

ब) “सञ्चालन तथा व्यवस्थापन समिति” भन्नाले दफा ७ अन्तर्गत बनेका स्वास्थ्य संस्थाहरुको सञ्चालन तथा व्यवस्थापन समितिलाई सम्झनु पर्दछ।

## परिच्छेदः२

## आधारभूत स्वास्थ्य सेवा प्रदायक र स्वास्थ्य सेवा व्यवस्थापन सम्बन्धी व्यवस्था

### ३.आधारभूत स्वास्थ्य सेवा प्रदायकहरुः

स्थानीय स्तरमा आधारभूत स्वास्थ्य सेवा प्रदान गर्ने स्वास्थ्य सेवा प्रदायकहरु३ प्रकारका हुनेछन।

क) सरकारी वा सामुदायिकः-सरकारी तथा सामुदायिक स्वामित्वमा सञ्चालन भएका प्राथमिक अस्पताल, प्राथमिक स्वास्थ्यकेन्द्र, र, स्वास्थ्य चौकी, आधारभुत स्वास्थ्य सेवा केन्द्र सामुदायिक स्वास्थ्य इकाई,आयुर्वेद औषधालय तथा प्राकृतिक चिकित्सा केन्द्र,गाउँघर क्लिनिक, खोप क्लिनिक, आयुर्वेद केन्द्रहरु सरकारी वा सामुदायिक स्वास्थ्य सेवा प्रदायक निकाय हुनेछन ।

ख) निजी :- निजी क्षेत्रद्वारा संचालित अस्पताल, नर्सिङ होम, पोलिक्लिनिक वा स्वास्थ्य क्लिनिक,प्रयोगशाला, फार्मेसीहरु निजी स्वास्थ्य सेवा प्रदायक निकाय हुनेछ।

ग) ट्रष्ट वा लोक कल्याणकारी संस्थाहरुको अधिनस्थः- ट्रष्ट वा लोककल्याणकारी संस्थाहरुको मार्फत सञ्चालन हुने अस्पताल, स्वास्थ्य केन्द्र, घुम्ती क्लिनिक यस अन्तर्गत पर्दछ।

**४. स्वास्थ्य सेवा प्रदायक संस्थाहरु को परिभाषा र आधारभूत मापदण्डः** स्वास्थ्य सेवा प्रदायक संस्थाहरु को परिभाषा र आधारभूत मापदण्ड नेपाल सरकार ले निर्धारण गरे वमोजिम हुनेछ।

**५.गाउँपालिका स्वास्थ्य समिति गठनः**

गाउँपालिका क्षेत्र भित्र रहेका निजी, सामुदायीक ,ट्रष्ट वा लोक कल्याणकारी स्वास्थ्य संस्थाहरुको रेखदेख, समन्वय, अनुगमन नियमन र व्यवस्थापन गर्न गाउँपालिका स्वास्थ्य समितिको गठन गरिनेछ। यस समितिको गठन देहाय बमोजिम रहनेछः

क) गाउँपालिका अध्यक्ष -अध्यक्ष

ख) गाउँपालिका उपाध्यक्ष -सदस्य

ग) सामाजिक बिकास समितिको संयोजक -सदस्य

घ) प्रमुख प्रशासकिय अधिकृत -सदस्य

ङ) महिला स्वास्थ्य स्वयंसेविका सञ्जाल मध्येबाट कार्यपालिकाले तोकेको १जना -सदस्य

च) स्वास्थ्य संस्था सञ्चालन तथा ब्यवस्थापन समितिका अध्यक्षहरु मध्ये प्रत्येक दुई वर्षमा परिवर्तन हुने गरी कार्यपालिकाले तोकेका १ जना -सदस्य

छ) कार्यपालिकाको सदस्यहरु मध्येवाट गाउँपालिका अध्यक्षले तोकेको १जना महिला सहित २ जना -सदस्य

ज) स्वास्थ्य क्षेत्रमा कार्य गरिरहेका विज्ञहरु मध्येबाट प्रत्येक दुई वर्षमा परिवर्तन हुने गरी गाउँपालिका अध्यक्षले तोकेको १ जना -सदस्य

झ) स्वास्थ्य क्षेत्रमा कार्यरत गैर सरकारी तथा नीजि क्षेत्रको प्रतिनिधीत्व हुने गरी अध्यक्षले तोकेको १ जना -सदस्य

ञ) गाउँपालिका स्वास्थ्य शाखा प्रमुख -सदस्यसचिव

**६.गाउँपालिका स्वास्थ्य समितिको काम, कर्तव्य र अधिकार**

गाउँपालिका स्वास्थ्य समितिको काम, कर्तव्य र अधिकार अन्यत्र लेखिएको सहित देहाय अनुसार हुनेछः

क) गाउँपालिका भित्रको स्वास्थ्य सेवा विकास, विस्तार र गुणस्तर सुनिश्चितताको योजना तयार गर्ने,

ख) गाउँपालिका क्षेत्र भित्र स्वास्थ्य संस्थाहरु तथा स्वास्थ्य सेवा व्यवशायहरु सञ्चालनका लागी अनुमति, स्वीकृति, स्वास्थ्य संस्था स्थानान्तरण, समायोजन सम्बन्धी कार्यपालिकालाई सिफारिस गर्ने,

ग) स्वास्थ्य संस्था र स्वास्थ्य कार्यक्रमहरूका लागी आवश्यक आर्थिक अनुदान तथा स्रोत जुटाउनेर प्रभावकारी परिचालन गर्ने गराउने

घ) गाउँपालिका क्षेत्र भित्र सञ्चालन हुने स्वास्थ्य संस्थाहरु र स्वास्थ्य सेवा व्यबसायहरूलाई गुणस्तरिय, मर्यादित र व्यवस्थित बनाउने,

ङ) गाउँपालिकावाट स्थापना भएका स्वास्थ्य संस्थाहरूमा दरबन्दी, सेवा, सुविधार सर्तहरु स्वीकृत गर्ने,

च) स्वास्थ्य संस्था, स्वास्थ्य सेवा व्यबसाय र स्वास्थ्य संस्था सञ्चालन तथा व्यवस्थापन समितिलाई निर्देशन दिने, जागरुक र सचेत गराउने,

छ) मानव स्वास्थ्य सँग सम्बन्धित विषयहरुको सम्बोधन गर्ने

ज) स्वास्थ्य संस्था तथा स्वास्थ्य व्यबसायहरूको सुपरीवेक्षण,अनुगमन र नियमन गर्ने।

झ) स्वास्थ्य संस्था तथा स्वास्थ्य व्यबसायसँग आवद्ध कर्मचारीहरूलाई कार्य सम्पादन तथा मूल्यांकनका आधारमा आवश्यक प्रोत्साहन,नसिहत र दण्ड जरिवाना गर्ने गराउने।

ञ) स्वास्थ्य संस्थाहरूको स्वीकृत दरबन्दीमा रिक्त भई करारमा स्वास्थ्य प्रविधिक,कर्मचारी, स्वास्थ्य स्वयमसेवक एवं स्वास्थ्य कार्यकर्ता नियूक्ति गर्नुपर्ने भएमा गाउँपालिकाको करार कर्मचारी छनौट समिति मार्फत परीक्षा लिई रिक्त रहेको स्वीकृत दरबन्दीमा योग्यताक्रम अनुसार करार सूचि अनुसार नियुक्ति गर्ने व्यवस्था मिलाउने।

ट) स्वास्थ्य सेवाको गुणस्तर कायम गराउने।

ठ) स्वास्थ्य संस्था तथा स्वास्थ्य व्यबसायहरुले दिने सेवाहरुको गुणस्तरको आधारमा सेवाशुल्क निर्धारण गर्ने स्विकृती दिने।

ड) स्वास्थ्य क्षेत्रमा सुशासन कायम गर्ने,गुनासा,उजुरी,सुन्ने,तथा यथोचित सम्वोध नगर्ने,गराउने

ढ) स्वास्थ्य विशेषज्ञहरु र स्वास्थ्य सेवाप्रदायकहरुको सूची अद्यावधिक तथा प्रकाशन गर्ने।

ण) स्वास्थ्यसेवाको पहँचु भन्दा बाहिर रहेका समुदायको पहिचान गरी सबैका लागि स्वास्थ्य सेवा सुनिश्चित हुने प्रवन्ध गर्ने।

त) गाउँकार्यपालिकालाई स्वास्थ्यक्षेत्रमा आवश्यक राय,सल्लाह र सुझाव दिने।

थ) गाउँपालिकाले स्वास्थ्य कार्यक्रमहरुको लक्ष्य तथा उपलब्धिबारे समिक्षा गर्ने, सुझाव दिने तथा आवश्यक लिखित पृष्ठपोषण सहित योजना तर्जुमा गर्न सहयोग गर्ने।

द) स्वास्थ्य संस्थाहरुको भौतिक सम्पत्ति, औजार-उपकरण, औषधि तथा औषधि जन्य सामाग्रीको उचित उपयोग, संरक्षण र व्यबस्थापन गर्ने गराउने।

ध) गाउँपालिका स्वास्थ्य समिति कार्य सञ्चालन निर्देशिका तयार गरी तोकिए बमोजिमका अन्य कार्यहरु गर्ने।

न) यस समितिको पदाबधि ५ बर्षको हुनेछ ।

**७. समितिको बैठक र निर्णय सम्बन्धमाः**

क) समितिको वैठक त्रैमासीक रुपमा बस्नेछ।आवश्याकता अनुसार समितिको अध्यक्षको निर्देशनमा सदस्य-सचिवले कुनै पनि बेला बैठक बोलाउन सक्नेछन।

ख) समितिको बैठक बस्नु भन्दा कम्तीमा चौबीस घण्टा अगाडि नै सदस्य-सचिवले बैठकमा छलफल हुने कार्यसूची Agenda सहितको सूचना समितिको सबै सदस्यहरुलाई दिनुपर्नेछ ।

ग) समितिको कुल सदस्य सङ्ख्याको ५१प्रतिशत भन्दा बढी सदस्यहरु उपस्थित भएमा समितिको बैठकको लागि गणपूरक सङ्ख्या पुगेको मानिनेछ।

घ) समितिको बैठकमा सकेसम्म सर्वसम्मत निर्णय,विवाद भएमा बहुमतको राय मान्य हुनेछ र मत बराबर भएमा बैठकको अध्यक्षता गर्ने व्यक्तिको मत निर्णायक हुनेछ ।

ङ) समितिले आवश्यक ठानेमा जनस्वास्थ्य क्षेत्रसँग सम्बन्धित कुनै व्यक्ति वा सँस्थालाई समितिको बैठकमा बिषेशज्ञको रुपमा आमन्त्रण गर्न सक्नेछ।

च) समितिको बैठक सम्बन्धी अन्य कार्यविधि समिति आफैंले निर्धारण गरे बमोजिम हुनेछ।

छ) सेवा सुविधा तोकिए वमोजिम हुनेछ।

ज) उपदफा (१) अन्तर्गतका सदस्यहरूले आफ्नो पदीय आचरण पालन नगरेको अवस्थामा जुनसुकै समयमा पनि बहुमत सदस्यले कार्यपालिकालाई जानकारी दिई पदवाट हटाउन वा बर्खास्त गर्न सकिनेछ।तर त्यसरी हटाउँदा वा बर्खास्त गर्नु पहिले मनासिब माफिकको सफाइ दिने अवसर प्रदान गरिनेछ।यसरी हटाए उपर चित्त नबुझेमा न्यायिक समितिमा उजुरी लाग्नेछ।

## ८. गाउँपालिकाको स्वास्थ्य सेवा शाखा प्रमुखको व्यबस्था :

१) गाउँपालिकामा स्वास्थ्य शाखा हेर्न स्वास्थ्य प्राविधिक मध्येबाट वरिष्ठता, कार्य सम्पादन तथा जनस्वास्थ्यसंग सम्बन्धित बिषयमा हाँसिल गरेको शैक्षिक योग्यताका आधारमा कार्यपालिकाले तोकेको एक जना स्वास्थ्य शाखा प्रमुख हुनेछन्।

२) स्वास्थ्य शाखा प्रमुखको काम, कर्तव्य र अधिकार अन्यत्र उल्लेख भएको सहित देहाय बमोजिम हुनेछः

क) स्वास्थ्य सेवा सम्बन्धी स्थानीय योजना निर्माण गर्ने ।

ख) कार्यपालिका तथा गाउँसभाबाट पारित ऐन कानून, नीति नियम कार्यान्वय नगर्न, गराउन क्रियाशिल रहने।

ग) गाउँपालिकाको स्वास्थ्य सेवा संग सम्वन्धित कार्यक्रम कार्यान्वयन गर्ने गराउने।

घ) स्वास्थ्य संस्था तथा स्वास्थ्य व्यवशायको तथ्याङ्क अद्यावधिक गरी, गराई कार्यपालिका, प्रदेश तथा केन्द्रीय निकायमा नियमित रुपमा पठाउने, अद्यावधिक गर्ने गराउने,

ङ) स्वास्थ्य संस्था सञ्चालन तथा कार्यक्रम कार्यान्वयनका लागि श्रोतहरुको पहिचान, संकलन र उपलव्ध स्रोतको यथोचित बाँडफाँड गर्ने गराउने।

च) गाउँपालिका क्षेत्रभित्रका स्वास्थ्य संस्थाहरुको नक्साङ्कन गरी सोको आधारमा स्वास्थ्य संस्था खोल्न तथा स्वास्थ्य व्यवशाय सञ्चालन गर्न अनुमति प्रदानगर्न, सेवा विस्तार एवं थप गर्न कार्य योजना वनाई स्वास्थ्य समिति समक्ष पेश गर्ने र स्विकृत भएपछि कार्यान्वयन गर्ने गराउने।

छ) स्वास्थ्यकर्मी तथा कर्मचारीहरुको व्यवस्थापन गर्ने, स्वास्थ्य संस्थामा कर्मचारीको पद स्थापन, सम्बन्धी कार्य गर्ने

ज) स्वास्थ्य संस्थामा कार्यरत स्वास्थ्यकर्मी तथा कर्मचारीहरूको विदाको अभिलेख अद्यावधिक गर्ने, १ हप्ता सम्मको विदाहरू स्वीकृत गर्ने,

झ) स्वास्थ्य सेवाको गुणस्तर बढाउन स्वास्थ्य संस्था, व्यवस्थापन समिति तथा अन्य सरोकारवालाहरूको नियमित रुपमा बैठक, गोष्ठी वा तालिमको व्यवस्था गर्ने,

ञ) गाउँपालिकाको स्वास्थ्य समितिको सचिवालयको रुपमा कार्यसम्पादन गर्ने गराउने,

ट) स्वास्थ्य सेवा संग सम्बन्धीत तथा आफ्नो पदिय कार्य गर्दा कार्यपालिका, गाउँसभा एवं प्रमुख प्रशासकीय अधिकृतको सुपरीवेक्षण तथा निर्देशनको अधीनमा रही कार्यसम्पादन गर्ने,गराउने

ठ) स्वास्थ्य सूचना प्रणालीलाई प्रभावकारी, ब्यवस्थित र प्रविधिमैत्री बनाउन स्वास्थ्य समिति मार्फत गाउँपालिकालाई जिम्मेवार बनाउने

**९. गाउँपालिका स्वास्थ्य अनुगमन समिति गठनः**

१) गाउँपालिका क्षेत्र भित्र रहेका स्वास्थ्य संस्थाहरुको अनुगमन गर्न गाउँपालिका स्वास्थ्य समितिको मातहतमा रहने गरी स्वास्थ्य अनुगमन सुपरिवेक्षण र नियमन गर्न समिती गठन गरिनेछ। यस समितिको गठन देहाय बमोजिम हुनेछः

क) गाउँपालिका उपाध्यक्ष -अध्यक्ष

ख) सामाजिक बिकास समितिको संयोजक -सदस्य

ग) गाउँसभाका सदस्यहरू मध्येबाट अध्यक्षले तोकेको १जना महिला सदस्य -सदस्य

घ) सरकारी/सामुदायिक स्वास्थ्य संस्थाका प्रतिनिधि मध्येबाट गाउँपालिका स्वास्थ्य समितिले तोकेको एक जना -सदस्य

ङ) गाउँपालिका भित्रका स्वास्थ्य व्यवसायी संगठनहरु मध्येबाट अध्यक्षले मनोनित गर्ने प्रमुख वा प्रतिनिधि एक जना -सदस्य

च) स्थानीय उपभोक्ता हित संरक्षण मञ्चको प्रमुख वा प्रतिनिधि एकजना -सदस्य

छ) गाउँपालिका स्वास्थ्य शाखा प्रमुख -सदस्य सचिव

२) गाउँपालिका स्वास्थ्य अनुगमन समितिको काम,कर्तव्य र अधिकारः-गाउँपालिका स्वास्थ्य अनुगमन समितिको काम,कर्तव्य र अधिकार गाउँपालिका स्वास्थ्य समिति कार्य सञ्चालन निर्देशिकामा तोकिए बमोजिम हुनेछ।

**१०.गाउँपालिका स्वास्थ्य गुणस्तर सुनिश्चितता सम्बन्धि व्यबस्थाः**

१)गाउँपालिका क्षेत्र भित्र रहेका स्वास्थ्य संस्थाहरुको सेवाप्रवाहलाई गुणस्तरियता कायम गर्न गाउँपालिका स्वास्थ्य समिति मातहत रहने गरि गाउँपालिका स्तरमा स्वास्थ्य गुणस्तर सुनिश्चितता समिति रहनेछ। यस समितिको गठन देहाय अनुसार हुनेछः

क) सामाजिक बिकास समितिको संयोजक -अध्यक्ष

ख) गाउँपालिका रहेको वडाको वडाअध्यक्ष -सदस्य

ग) गाउँ कार्यपालिकाले तोकेको एक जना दलित महिला सदस्य -सदस्य

घ) गाउँपालिका स्वास्थ्य शाखामा रहेको पब्लिक हेल्थ/ नर्सिङ अधिकृत १ जना -सदस्य

ङ) उपभोक्ता मध्येबाट १ जना प्रतिनिधि -सदस्य

च) स्वास्थ्य सेवाको गुणस्तरमा कार्यरत स्वास्थ्य तथा औषधी ब्यवसायी मध्येबाट १ जना प्रतिनिधि -सदस्य

छ) स्वास्थ्य शाखाको प्रमुख -सदस्य सचिव

२) गाउंपालिका मातहतमा रहेका स्वास्थ्य संस्थाहरुको सेवा प्रवाहलाई गुणस्तरियता कायम गर्न गाउँपालिका स्वास्थ्य गुणस्तर सुनिश्चितता समिति र स्वास्थ्य संस्था सञ्चालन तथा व्यबस्थापन समिति प्रति जवाफदेही हुने गरि गाउँ कार्यपालिकाले प्रत्येक स्वास्थ्य संस्था स्तरमा तोकिए बमोजिमको स्वास्थ्य गुणस्तर सुनिश्चितता समूह गठन गर्न सक्नेछ।

**११.गाउँपालिका स्वास्थ्य गुणस्तर सुनिश्चितता समितिको काम, कर्तव्य र अधिकार**

क) स्वास्थ्य सेवा प्रवाह सम्बन्धि तथ्य/प्रमाणको वारेमा छलफल गरि गुणस्तर सुधार कार्ययोजना निर्माण गर्ने र गाउँपालिका स्वास्थ्य समितीलाई प्रतिवेदन गर्ने।

ख) अनिवार्य रुपमा त्रैमासीक तथा आवश्यकता अनुसार थप वैठक बस्न सक्नेछ।

ग) समितिका सदस्यहरू संग समन्वय गरेर सदस्य सचिवले वैठक बोलाउने र वैठक को सहजीकरण गर्ने।

घ) गुणस्तर सुनिश्चिता कार्य समितिको बैठक र यसले गर्ने कार्यहरुको अभिलेख दुरुस्त राख्नको लागि छुट्टै रजिष्टरको ब्यवस्था गर्ने।

ङ) समितिको नियमित बैठकको उपस्थिति र निर्णयहरु लेख्दा एकरुपताको लागि बैठक अध्यक्षता गर्ने व्यक्ति, मिति, स्थान,उपस्थित व्यक्तिहरुको नाम र दस्तखत, छलफलका विषयहरु, बैठकका निर्णयहरु सहित कार्ययोजना समेत तयार गर्नुपर्नेछ।

च) गाउंपालिका स्वास्थ्य गुणस्तर सुनिश्चितता समितिको अन्य काम, कर्तव्य र अधिकार तोकिए बमोजिम हुनेछ।

छ) यस समितिको पदावधि ५ बर्षको हुनेछ ।

**१२.स्थानीय स्वास्थ्य संस्था संचालन तथा ब्यवस्थापन समिति सम्बन्धी व्यबस्था**

१) गाउँपालिका तहमा एक गाउँपालिका आफैंले तोकिएको मापदण्डमा १५ शैया सम्म क्षमताको अस्पताल स्थापना गरी सञ्चालन गर्नसक्नेछ ।यस्तो अस्पताल सञ्चालन गर्न गाउँपालिकाले अस्पताल सञ्चालन नियमावली तर्जुमा गरी सञ्चालन गर्नेछ।

२) उपदफा (१) बमोजिम स्थापित अस्पताल संचालन तथा ब्यवस्थापनका लागि देहाय बमोजिम रहने गरि अस्पताल सञ्चालन तथा ब्यवस्थापन समिति रहनेछ।

क) गाउँपालिका अध्यक्ष -संरक्षक

ख) गाउँपालिका भित्र बसोवास गर्ने तोकिएको योग्यता पुगेको व्यक्ती मध्ये कार्यपालिकाबाट मनोनीत व्यक्ति -अध्यक्ष

ग) सामाजिक बिकास समितिको संयोजक -सदस्य

घ) सम्वन्धीत अस्पताल रहेको वडाको अध्यक्ष -सदस्य

ङ) प्रमुख प्रशासकिय अधिकृत वा निजले तोकेको व्यक्ति -सदस्य

च) गाउँपालिका स्वास्थ्य शाखाको प्रमुख -सदस्य

छ) गाउँकार्यपालिकाबाट मनोनित महिला सदस्य एक जना -सदस्य

ज) गाउँपालिकातहको अस्पतालको नर्सिङ ईन्चार्ज एक जना -सदस्य

झ) स्थानिय उद्योग व्यापार संघको अध्यक्ष वा औषधी ब्यवसायी प्रतिनिधि -सदस्य

ञ) गाउँपालिका तहको अस्पतालको मे.सु. -सदस्यसचिव

ट) यस समितिको पदाबधि ५ बर्षको हुनेछ ।

३) स्थानिय आवश्यकताको अधारमा गाउँपालिकाले हाल सञ्चालनमा रहेका स्वास्थ्य संस्थाको स्तरोन्नति गरी वा नयाँ थप गरि प्राथमिक स्वास्थ्य केन्द्र स्थापना गरी सञ्चालन गर्न सक्नेछ। यसरी स्थापना भएका प्राथमिक स्वास्थ्य केन्द्र,गाउँपालिका अन्तर्गतका स्वास्थ्य चौकी,आधारभुतस्वास्थ्य सेवा केन्द्र,आयुर्वेद औषधालय र सामुदायिक स्वास्थ्य ईकाईहरुको सञ्चालन तथा ब्यवस्थापनका लागि देहाय बमोजिम समितिर हनेछ :

क) गाउँपालिका अध्यक्ष -संरक्षक

ख) गाउँपालिका भित्र पर्ने सम्बन्धित स्वास्थ्य संस्था अवस्थित वडाको अध्यक्ष -अध्यक्ष

ग) समितिले मनोनित गरेको निर्वाचित महिला सदस्यहरु मध्येबाट एक जना -उपाध्यक्ष

घ) सम्बन्धित स्वास्थ्य संस्था रहेको क्षेत्रको विद्यालयका प्रमुख/प्राचार्य मध्येबाट एक जना महिला -सदस्य

ङ) स्थानीय व्यापार संघको प्रतिनिधि वा औषधी ब्यवसायी एक जना -सदस्य

च) समितिबाट मनोनित स्वास्थ्य क्षेत्रको जानकार महिला स्वास्थ्य स्वयंसेविकाहरु मध्येबाट एक जना -सदस्य

छ) सम्बन्धित स्वास्थ्य संस्था रहेको वडा कार्यालयका कार्यकारी अधिकारी -सदस्य

ज) सम्बन्धित स्वास्थ्य संस्थाको प्रमुख -सदस्य सचिव

४) समितिका पदेन सदस्यहरु संरक्षक, सम्बन्धित वडाका प्रमुख, शिक्षक प्रतिनिधि,गाउँपालिका वा वडाका कार्यकारी अधिकारी र सम्बन्धित स्वास्थ्य संस्थाका प्रमुखको पहिलो बैठकले उपदफा (३) बमोजिम मनोनित हुने समितिका थप सदस्यहरुको मनोनयन गर्नेछ।

५) उपदफा (३) बमोजिम गठन हुने समितिमा पुरुष अध्यक्ष रहेको अवस्था भएमा महिला उपाध्यक्ष र महिला अध्यक्ष भएको हकमा पुरुष उपाध्यक्षको व्यवस्था गर्नुपर्नेछ। समितिमा प्रतिनिधित्व हुने स्वास्थ्य संस्था रहेको क्षेत्रका विद्यालयका प्रमुख/प्राचार्य मध्ये एक जना महिला मनोनित हुने प्रावधान अनुसार महिला प्रमुख/प्राचार्य नभएको अवस्थामा व्यवस्थापन समितिले स्वास्थ्य क्षेत्रमा योगदान दिन सक्ने महिला शिक्षिकाहरु मध्येबाट एक जना मनोनित गर्न सक्नेछ।

६) व्यवस्थापन समितिको बैठकमा निम्न बमोजिम क्षेत्रको अनिवार्य प्रतिनिधित्व रहने गरी सदस्यहरु आमन्त्रित गर्नु पर्नेछ,

क. दलित जनजातिबाट १ जना

ख. अपांग, अशक्त वा जेष्ठ नागरिकहरु मध्येबाट १ जना

ग. किशोरकिशोरीहरुको तर्फबाट १ जना

७) गाउँपालिका स्तरमा स्वास्थ्य सेवा प्रवाह गर्ने नीजि, गैरसरकारी तथा दातृ संस्थाका आयोजना र कार्यक्रमका प्रतिनिधिहरुलाई समितिको वैठकमा आमन्त्रितको रुपमा संलग्न गराउन सकिनेछ।

८) गाउँपालिकास्तरमा स्वास्थ्य सेवा प्रवाहमा दोहोरोपन नहुने व्यवस्थापनका लागि पहिले गठित स्वास्थ्यसंग सम्बन्धित अन्य समितिहरुको विघटन गरीती समितिहरुले गरी आएको कार्य पनि यसै ऐनमा व्यबस्था भए अनुसार गठीत समितिले गर्ने व्यवस्था मिलाउनु पर्नेछ ।

**१३.स्थानिय स्वास्थ्य संस्था सञ्चालन तथा ब्यवस्थापन समितिको काम, कर्तब्य र अधिकार**

१) स्थानिय स्वास्थ्य संस्था सञ्चालन तथा ब्यवस्थापन समितिको काम,कर्तब्य र अधिकार निम्नानुसार हुनेछन्ः

क) नेपाल सरकारबाट जारी गरिएको आधारभूत स्वास्थ्य सेवा (Basic Health Care Package) प्रबाह र सेवाको न्यूनतम मापदण्ड (Minimum Service Standard) कार्यान्वयनको सुनिश्चितता गराउने।

ख) स्थानीय सरकार सञ्चालन ऐन,२०७४ को दफा ११ उपदफा २(झ) मा भएको गाउँपालिका तथा गाउँपालिकाको एकल अधिकार क्षेत्र अन्तर्गत उल्लेख भएका स्वास्थ्य

र सरसफाई संग सम्बन्धित(बुंदा १देखि १२) कार्यक्रमहरुको आफ्नो कार्यक्षेत्र भित्र कार्यान्वयनका लागि व्यवस्थापन, समन्वय र सहजीकरण गर्ने।

ग) स्थानीय सरकार सञ्चालन ऐन,२०७४ को दफा ११ उपदफा ४(ख) मा उल्लेखित प्रदेश र स्थानीय सरकारको साझा अधिकारमा उल्लेख भए बमोजिमका स्वास्थ्य सम्बन्धी कार्यक्रमहरु( बुंदा१ देखि १७)आफ्नो कार्यक्षेत्र भित्र आवश्यक कार्यान्वयनका लागि सहयोग,समन्वय रसहजीकरण गर्ने (अनुसूचि२)।

घ) स्वास्थ्यको बृहत सामाजिक निर्धारक तत्वहरुको (Wide Social Determinants Of Health) कारण वारे परिवर्तित जीवनशैली तथा जोखिमपूर्ण व्यवहारवाट मानिसको स्वास्थ्यमा पर्न सक्ने प्रतिकूल प्रभावहरुको पहिचान गर्न र नसर्ने रोगहरुवाट वच्न जनचेतना अभिवृद्धि जस्ता कार्यक्रमहरु लागु गर्न नेतृत्व प्रदान गर्ने।

ङ) स्वास्थ्य संस्थाको भौगोलिक कार्यक्षेत्र, जनसंख्या, लक्षित जनसंख्या, जोखिम र पछाडी परेका वर्ग, गरिव र सिमान्तकृत वर्ग निर्धारण गर्न र स्वास्थ्य तथा सहयोगी कार्यक्रम सञ्चालन गर्नका लागि स्थानीय तहमा सिफारिस तथा सहजीकरण गर्ने।

च) सर्वसुलभ र गुणस्तरीय स्वास्थ्य सेवा उपलब्ध गराउनका लागि आवश्यक मानव स्रोत व्यवस्थापन सम्बन्धी कार्य गर्ने तथा सेवाप्रदायक र स्वास्थ्यकर्मीहरु लाई सहज रुपमा कार्य गर्न अनुकूल तथा सुरक्षित बातावरण सृजना गर्ने र उच्च कार्यसम्पादनका लागि प्रोत्साहित गर्ने।

छ) स्वास्थ्य संस्थाबाट प्रदान गरिएको सेवा, सेवा प्रदायकहरुको कार्यसम्पादन र यसको उपयोगिताको नियमित समीक्षा तथा मूल्यांकन गरी पुरस्कृत समेत गर्ने।

ज) स्वास्थ्य संस्थाको भौतिक पूर्वाधार तथा सेवाप्रवाह (भवन,औषधि,औजार उपकरण,फर्निचर) को लागि स्वास्थ्य संस्थाको नियमित स्व–मूल्यांकनका आधारमा आवश्यक स्थानीय बित्तिय स्रोत साधनहरुको पहिचान तथा परिचालनमा सहयोग गर्ने सो व्यवस्थापनका लागि सम्बन्धित निकायमा आवश्यक सिफारिस, छलफल, बहस, पैरवी गर्ने।

झ) स्वास्थ्य सूचनाको उचित व्यवस्थापन गर्न स्वास्थ्य सम्बन्धी तथ्यांक, सूचना संकलन, विश्लेषण गरी सोको उपयोगमा वृद्धि ल्याउने ।स्वास्थ्य सेवाको अभिलेखिकरण तथा प्रतिवेदनलाई ब्यवस्थित र सुनिश्चित गरी यसको मासिक तथा आवधिक समीक्षा गर्ने।

ञ) स्वास्थ्य संस्थाको भौगोलिक कार्यक्षेत्रभित्रको स्वास्थ्य समस्या र आवश्यकताको विश्लेषण गरी तथ्यमा आधारित योजना तर्जुमा,कार्यान्वयन र अनुगमन गर्ने।

ट) स्वास्थ्य सेवामा सुशासनलाई मध्यनजर गरी जनसहभागिता र सामाजिक जवाफदेहिता सुनिश्चित गर्दै सेवाग्राहि मैत्री स्वास्थ्य सेवालाई सुदिढिकरण गर्न सहयोग तथा सहजीकरण गर्ने ।

ठ) विद्युतीय स्वास्थ्य (E-Health) को अवधारणालाई स्थानीयस्तरमा विकास गरी क्रमशःलागु गर्दै जाने। सोको कार्यान्वयनका लागि गाउँपालिका अन्तर्गतका गाउँपालिका स्वास्थ्य समिति रस्वास्थ्य शाखासंग आवश्यक समन्वय र सहकार्य गर्ने।

ड) केन्द्र,प्रदेश र स्थानीय सरकारले चलाएका स्वास्थ्य सम्बन्धी कार्यक्रम तथा अभियानहरुलाई सफल पार्न आवश्यक कार्य गर्ने।

ढ) स्वास्थ्य संस्था सञ्चालन तथा व्यवस्थापन समितिका अन्य काम, कर्तव्य अधिकार र बैठक सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

२) स्वास्थ्य संस्था सञ्चालन तथा व्यवस्थापन समितिको कार्यकाल पाँच वर्षको हुनेछ।

३) व्यवस्थापन समितिको म्याद सकिनु भन्दा एक महिना अगावै नयाँ व्यवस्थापन समितिको गठन गरी बहालवाला व्यवस्थापन समितिले पदभार हस्तान्तरण गर्नु पर्नेछ। यसो हुन नसकेमा वा व्यवस्थापन समिति गठन विवादित भएमा तोकिए बमोजिम व्यवस्थापन समितिको गठन स्वास्थ्य समितिको सिफरिसमा कार्यपालिकाले गर्नेछ।

४) कुनै पनि व्यक्ति एकभन्दा बढी स्वास्थ्य संस्था सञ्चालन तथा व्यवस्थापन समितिमा रहन सक्ने छैन। तर पदेनको हकमा यो लागु हुने छैन।

**१४.बैंक खाता सञ्चालनः** हरेक स्वास्थ्य संस्थाले बैंकं खाता खोल्न सक्नेछ।

१) स्वास्थ्य संस्थाको वैंक खाता ब्यवस्थापन समितिका अध्यक्ष र सदस्य सचिवको संयुक्त दस्तखतबाट सञ्चालन हुनेछ। यदि कार्यालय प्रमुख अस्थायी भएमा अध्यक्ष, सदस्य सचिव र १ जना स्थायी कर्मचारीको संयूक्त दस्तखतबाट खाता संचालन गर्न सकिनेछ ।

२) उपदफा (१) बमोजिमको लेखा व्यवस्थापन र लेखापरीक्षण गाउँपालिकाले तोके बमोजिम हुनेछ।

**१५.स्वास्थ्य संस्था सञ्चालन तथा व्यवस्थापन समिति विघटन गर्न सकिनेः**

१) कुनै पनि स्वास्थ्य संस्था सञ्चालन तथा व्यवस्थापन समितिले तोकिएको जिम्मेवारी पुरा गर्न नसकेको भनी गाउँपालिकाको स्वास्थ्य समितिले कारण सहित कार्यपालिकामा सिफारिश गरेमा सोको कारण खुलाई कार्यपालिकाले तोकिएको प्रक्रिया पुरा गराई स्वास्थ्य संस्था सञ्चालन तथा व्यवस्थापन समितिलाई विघटन गर्न सक्नेछ। तर यसरी विघटन गर्नु अघि स्वास्थ्य संस्था सञ्चालन तथा व्यवस्थापन समितिलाई आफ्नो सफाइ पेश गर्ने मनासिब मौका दिइनेछ।

२) उपदफा (१) बमोजिम स्वास्थ्य संस्था सञ्चालन तथा व्यवस्थापन समिति विघटन भएपछि अर्को समिति गठन नभएसम्म वा अन्य कुनै कारणले समिति गठन नभए सम्म कार्यपालिकाले तोके वमोजिम हुनेछ ।

**१६.स्वास्थ्य संस्था सञ्चालन कार्यविधिः**

१) यो ऐन तथा प्रचलित कानूनको अधीनमा रही प्रत्येक स्वास्थ्य संस्थाले आफ्नो लक्ष्य,मूल्य, मान्यता ,सञ्चालन प्रक्रिया,सेवा लिन आउने नागरिकले पाउने सेवाको विवरण लगायतका अन्यसान्दर्भिक विषयवस्तु समावेस गरिएको कार्यविधि पारित गराई स्वास्थ्य सेवा समन्वय समितिको स्विकृतीमा लागु गर्नुपर्नेछ।

२) कार्यविधि अनुसार स्वास्थ्य संस्था सञ्चालन गर्न सहयोग पुर्याउनु स्वास्थ्य संस्था सञ्चालन तथा व्यवस्थापन समिति तथा अन्य सबैको कर्तव्य हुनेछ।

३) कार्यविधिको पारित भएको मितिबाट १ महिना भित्र गाउँपालिका स्वास्थ्य समिति मार्फत कार्यपालिकामा पेश गरी स्विकृती लिनु पर्नेछ।

## परिच्छेद-३

## स्वास्थ्यकर्मी तथा स्वास्थ्य स्वयंसेविका सेवा सम्बन्धी व्यवस्था

**१७.कर्मचारी व्यवस्थापनः**

१) स्वास्थ्य संस्थामा हाल कार्यरत कर्मचारीहरु स्वास्थ्य सेवा ऐन, २०५३ बमोजिम नै हाललाई कार्यरत रहेको मानिनेछ।

२) उपदफा (१) बमोजिम कार्यरत कर्मचारीहरु नेपाल सरकारले गरेका निर्देशन र कर्मचारी समायोजन ऐन बनेपछि सोहि बमोजिम हुने गरी व्यवस्था गरिनेछ।

३) स्थानिय स्रोतबाट करारमा भर्ना गरि कार्यरत कर्मचारीको सेवा,सर्त र सुविधा गाउँपालिकाले तोके बमोजिम हुनेछ।

४) गाउँपालिका भित्रका सरकारी स्वास्थ्य संस्था मार्फत् आधारभूत स्वास्थ्य सेवा प्रवाहका लागि ४ प्रकारका स्वास्थ्यकर्मीहरु रहनेछन्ः

क) स्थायीः गाउँपालिकाको सेवामा रहेका नेपाल सरकारको स्वास्थ्य सेवाबाट समायोजन भई आएका स्वास्थ्यकर्मीहरु,

ख) करारः स्थानीय माग र विशिष्टताका आधारमा गाउँपालिका मार्फत करार सेवामा भर्ना गरिएका स्वास्थ्यकर्मीहरु

ग) अभ्यासकर्ताः स्थानीयस्तरमा खुलेका स्वास्थ्य अध्ययन संस्थानमा अध्ययनरत बिद्यार्थीहरु एवं गाउँपालिकाको आंशिक वा पूर्ण छात्रवृत्तिमा अन्यत्र गई स्वास्थ्य शिक्षा आर्जन गरेका बिद्यार्थीहरुलाई अभ्यासकर्ता स्वास्थ्यकर्मीको रुपमा गाउँपालिकाले भर्ना गर्न सक्नेछ। यस्ता अभ्यासकर्तालाई वढीमा १ वर्षको लागि भर्ना गर्न सक्नेछ।

घ) स्वास्थ्य अभियानकर्ता र महिला स्वास्थ्य स्वयंसेविकाहरु

ङ) निजि क्षेत्रमा कार्यरत स्वास्थ्यकर्मीहरलाई पनि विपद तथा महामारीमा प्रयोग गर्न सकिनेछ ।

**१८. स्वास्थ्य अभियान कर्ता तथा महिला स्वास्थ्य स्वयंसेविकाको ब्यबस्थाः** स्वास्थ्य सेवालाई घरघरको पहँचमा पुऱ्याउन र जनचेतना फैलाउन गाउँपालिकाले स्वास्थ्य आमासमुहको छनौटमा वडा समितिको सिफारिसमा तथा महिला स्वास्थ्य स्वयंसेविकाहरु नियूक्त गर्न सक्नेछ। गाउँपालिका स्वास्थ्य समितिको सिफारिसमा गाउँपालिकाले तोकिएको प्रक्रिया पुरा गरि स्वास्थ्य अभियानकर्ता नियुक्ती गरि परिचालन गर्न सक्नेछ।

(१) महिला सामुदयिक स्वास्थ्य स्वयंसेविका नियूक्तिका लागि २१ वर्ष पुरा भई ४० वर्ष ननाघेका सम्वन्धित वडाको विवाहित र स्थायी बसोबास गर्ने महिला हुनुपर्नेछ।

(२) एउटा वडामा प्रति १००० जनसंख्याको लागि १ जना महिला स्वास्थ्य स्वयंसेविका रहने गरि स्वास्थ्य आमा समुह र वडासमितिले गाउँपालिका स्वास्थ्य समिति समक्ष सिफारिस गर्नुपर्नेछ।

(३) प्रत्येक स्वयंसेविकाले आधारभूत स्वास्थ्य सम्वन्धी १० दिनको तालिम प्राप्त गरेको हुनुपर्नेछ। गाउँपालिका र स्वास्थ्य संस्थाहरुले आवश्यकता अनुसार तालिम तथा अभिमुखीकरण प्रदान गर्नेछ।

(४) यस भन्दा पहिले देखि नै कार्यरत महिला स्वास्थ्य स्वयंसेविकाहरु ६० बर्ष उमेर पुगेकालाई प्रोत्साहन भत्ताको व्यवस्था गरी ससम्मान बिदाइ गरिनेछ र नयाँ नियुक्ती गर्दा कम्तीमा आधारभुत तह र विशेषगरि माध्यमिक शिक्षा परीक्षा उतिर्ण वा सो सरहलाई मात्र नियुक्ती दिइनेछर कम्ति मा ५ बर्ष स्वयं सेबकसेवा गर्न स्वयं इच्छुक हुनुपर्नेछ ।

(५) कुनै पनि संस्थामा कार्यरत तलवी कर्मचारी,शिक्षक,निर्वाचित जनप्रतिनिधिले महिला स्वास्थ्य स्वयंसेविकाको रुपमा कार्य गर्न पाइने छैन।

(६) प्रत्येक ५ वर्षमा स्वास्थ्य आमा समुहको अनुरोध र वडा समितिको सिफारिसमा ६० वर्षको उमेर सम्म आफनो सेवा प्रदान गर्न सक्नेछन्। सिफारिस नभएमा वा ६० वर्ष पूरा भएपछि स्वतः पद मुक्त हुनेछन्।

(७) गाउँपालिकाले आबश्यकता अनुसार निजि क्षेत्रमा कार्यरत स्वास्थ्यकर्मीलाइ पनि आपतकालिन अबस्थामा सहयोगको लागी प्रयोग गर्न सक्नेछ ।

**१९.स्वास्थ्यकर्मीको सेवा सुविधाः**

(१) स्थायी स्वास्थ्यकर्मीः नेपाल सरकारले तोकेको स्केल वमोजिम तलव र गाउँकार्यपालिकाले तोके वमोजिमको अन्य सेवा सुविधा उपलब्ध हुनेछ।

(२) करार स्वास्थ्यकर्मीः प्रचलित तलब स्केल र दुई पक्ष बीचको समझदारीमा भएको करार सम्झौता बमोजिमको सेवा सुविधा उपलब्ध गराउन सकिनेछ ।

(३) अभ्यासकर्ता स्वास्थ्यकर्मीः निर्वाह भत्ताको रुपमा सम्वन्धित तहका स्वास्थ्यकर्मीले पाउने मासिक तलव स्केलको दुई तिहाई रकम सम्म उपलव्ध गराउन सकिने छ ।

(४) महिला स्वास्थ्य स्वयंसेविकाः पोशाक, वार्षिक रुपमा तोकिए बमोजिम सञ्चार तथा यातायात खर्च, स्वास्थ्य संस्थालाई आवश्यकता परेको वखत काममा खटाइएमा सो दिनको तोकिए बमोजिमको पारिश्रमिक, स्वास्थ्य सेवा सम्बन्धी अभियानमा खटाइएको समयमा दिइने पारिश्रमिक जस्ता सुविधाहरु उपलब्ध गराउन सकिनेछ ।

(५) स्वास्थ्यकर्मीको बिदा र सेवा सुविधा सम्वन्धि अन्य व्यवस्था प्रचलित कानून बमोजिमको हुनेछ।

**२०. स्वास्थ्यकर्मीको दरवन्दी निर्धारण, नियुक्ति, बढुवा र सरुवाः**

सरकारी स्वामित्वका स्वास्थ्य संस्थाहरुमा आवश्यक स्वास्थ्यकर्मीको न्यूनतम दरवन्दी नेपाल सरकारले निर्धारण गरे बमोजिम हुनेछ। आवश्यकताको आधारमा गाउँकार्यपालिकाले थपघट गर्नेछ।

(१) नेपाल सरकारले निर्धारण गरेको दरवन्दी अनुसारका पदहरुमा नेपाल सरकारबाट समायोजन भई आएका स्थायी स्वास्थ्यकर्मीहरु रहनेछन्। समायोजन भई नआएमा वा थप कमर्चारीको आवश्यकता परेमा गाउँपालिकाले करारमा स्वास्थ्यकर्मी, कर्मचारी नियुक्ति गर्न सक्नेछ।

(२) स्वास्थ्य संस्थामा रिक्त करार,स्वास्थ्यकर्मी,कर्मचारी तथा स्वास्थ्य कार्यकर्ताको नियुक्तिको व्यवस्था कार्यपालिकाको निर्णय अनुसार गाउँपालिकाको करार कर्मचारी छनोट समितिलेग र्नेछ।

(३) गाउँपालिका भित्र सरुवाका लागी निवेदन दिने स्थायी, अस्थायी, करारमा कार्यरत स्वास्थ्यकर्मी, कर्मचारी तथा स्वास्थ्य कार्यकताको सरुवा तथा पदस्थापन सरुवा भएर जाँदा र आउदा सेवाग्राहिले पाउनु पर्ने सेवामा बाधा नपर्ने गरी आवश्यकता र औचित्यको आधारमा तोकिएबमोजिमको प्रक्रिया अपनाई अध्यक्षको परामर्शमा प्रमुख प्रशासकीय अधिकृतले सरुवा गर्न सक्नेछ ।

(४) उपदफा (३) बमोजिम सरुवा गर्दा दरवन्दी अनुसारका पदहरुमा कार्यरत स्थायी कर्मचारीहरुको हकमा सोही दरवन्दी भएको ठाउँमा मात्र गर्न पाईनेछ।

(५) संघ तथा प्रदेश लोक सेवा आयोगबाट सफल भई सिफारिश भएका स्वास्थ्यकर्मी, कर्मचारी तथा स्वास्थ्य कार्यकर्तालाई प्रमुख प्रशासकीय अधिकृतले विषय मिल्ने गरी स्थायी नियुक्ति दिई काममा लगाउनु पर्नेछ।

(६) स्वास्थ्यकर्मीको सरुवा,बढुवा सम्वन्धि अन्य व्यवस्था प्रचलित कानून बमोजिमको हुनेछ।

२१. **कार्यसम्पादन करार सम्झौता गर्नुपर्नेः**स्वास्थ्य सेवालाई प्रभावकारी बनाउन देहाय अनुसार कार्यसम्पादन करार सम्झौंताको प्रक्रिया अवलम्बन गर्नुपर्नेछ।

(१) गाउँपालिका अध्यक्षको रोहवरमा प्रमुख प्रशासकीय अधिकृतले स्वास्थ्य शाखा हेर्ने अधिकृतसँग, उक्त अधिकृतले स्वास्थ्य संस्थाका प्रमुखहरु सँग र प्रमुखले अन्य कर्मचारीहरु सँग कार्य सम्पादन करार सम्झौता गर्नुपर्ने छ।

(२) कार्यसम्पादन करार सम्झौता १ वर्षको हुनेछ । करार सम्झौता अनुसार काम भए नभएको मूल्यांकन प्रमुख प्रशासकीय अधिकृतले आर्थिक वर्षको अन्त्यमा तयार गरी कार्यपालिका समक्ष पेश गर्नुपर्ने छ ।

(३) वार्षिक कार्यसम्पादन करारका सूचकहरु निर्धारण गर्ने कार्य स्वास्थ्य अनुगमन समितिले तयार पारी गाउँकार्यपालिकामा पेश गर्नु पर्नेछ।

(४) चिकित्सक, चिकित्सा सहायक एवं सहयोगी तथा सो संग सम्वन्धित प्राविधिक कर्मचारीलाई अन्य काममा लगाउन पाईने छैन।

(५) उपदफा (४) मा जुनसुकै कुरा लेखिएको भएता पनि स्वास्थ्य सेवामा बाधा नपर्ने गरी संघीय, प्रदेश र गाउँपालिकाले बनाएको स्वास्थ्य सम्बन्धि ऐन नियममा अन्यथा भए

बाहेक गाउँपालिकाले गाउँपालिका क्षेत्र भित्र स्वास्थ्यसंस्थामा कार्यरत कर्मचारीलाई समान पदमा काजमा खटाउन तथा सरुवा गर्न सक्नेछ।

(६) उपदफा (१) अनुसार नियूक्त हुनेको योग्यता र सेवा सर्त सुविधा प्रचलित कानूनमा तोकिए बमोजिम हुनेछ।

(७) अन्यत्र जेसुकै लेखिएता पनि आफ्नो क्षमता र कामका आधारमा कार्यपालिकाले तयार गरेको सेवा सुविध र सर्तहरु करारमा उल्लेख गरी करार कर्मचारी नियूक्ति गर्नसकिनेछ।

**२२. पदीय आचरण तथा अन्य व्यवस्थाः**

(१) देहायका अवस्थामा स्वास्थ्य संस्थामा कार्यरत स्वास्थ्यकर्मी, कर्मचारी तथा स्वास्थ्य कार्यकर्तालाई पदबाट हटाउन गाउँपालिकाको स्वास्थ्य समितिले कार्यपालिका समक्ष सिफारिश गर्नेछ। सो उपर अनुगमन प्रतिवेदनका आधारमा कार्यपालिकाले सेवाबाट बर्खास्त गर्न सक्नेछ।

(क) तोकिए बमोजिम पदीय दायित्व पुरा नगरेमा,

(ख) विना सूचना लगातार पन्ध्र दिन भन्दा बढी समय तोकिएको स्वास्थ्य संस्थामा अनुपस्थित भएमा,

(ग) स्वास्थ्य संस्थामा मादक पदार्थ सेवन गरी आएको कुरा प्रमाणित भएमा,

(घ) नैतिक पतन देखिने कुनै फौजदारी अभियोगमा अदालतबाट सजाय पाएमा,

(ङ) कार्यालय समयमा अन्यत्र सेवा वा अन्य व्यवसायीक क्रियाकलाप गरेमा,

(च) राजनैतिक दलको कार्यकारिणी समितिमा रहेको पाइएमा,

(छ) व्यवसायिक हकहितका नाममा सूक्ष्म रुपमा अमूक राजनैतिक दलको मात्र हित वा विरोधमा कार्य गर्ने संगठनका गतिविधिमा कार्यालयको समयमा संलग्न भएमा।

स्पष्टीकरणः यस खण्डको प्रयोजनका लागी कार्यकारिणी समिति भन्नाले राजनैतिक दलको विधान बमोजिम गठित केन्द्रीयस्तर, प्रदेशस्तर, जिल्लास्तर वा स्थानीयस्तरका कार्यकारिणी समिति सम्झनुपर्छ।

(२) उपदफा (१) बमोजिम वा अन्य माध्यमले कुनै स्वास्थ्यकर्मी वा कर्मचारीलाई पदबाट हटाउनु पर्ने कारणको आवश्यक प्रमाण प्राप्त भएमा गाउँपालिकाले निजलाई पदबाट हटाउन सक्नेछ,तर कार्यरत पदबाट हटाउनु अघि मनासिव माफिकको स्पष्टीकरणको मौका प्रदान गरिनेछ।

**२३. अदालतको आदेशबाट पुनःबहाली हुन सक्नेः**

(१) दफा (२२) मा उल्लेख भएका कुनै आरोप वा अन्य कुनै आरोपमा सजाय भै नोकरीबाट हटाइएको वा बर्खास्त भएको स्वास्थ्यकर्मी, कर्मचारीअ दालतको आदेश वा फैसला बमोजिम मात्र नोकरीमा पुनःबहाली हुनसक्नेछ।

(२) उपदफा (१) बमोजिम पुनः बहाली भएको स्वास्थ्यकर्मी ,वा कर्मचारीले नोकरीबाट हटेको दिन देखि पुनःबहाली भएको मिति सम्मको पुरा तलब, भत्ता, तलब बृद्धि तथा अन्य सुविधा पाउन योग्य भएसो समेत पाउनेछ।

**२४. तलब भत्ता नपाउने र सेवा अवधी गणना नहुनेः** नियमानुसार बिदा स्वीकृत गराई बसेको अवस्था र दफा २३ को उपदफा(२) वमोजिम बाहेक आफु कार्यरत रहेको स्वास्थ्य संस्थमामा अनुपस्थित रहेका र बेतलवी बिदामा रहेका स्वास्थ्यकर्मी, कर्मचारी तथा स्वास्थ्य कार्यकर्ताले अनुपस्थित अवधीको तलब भत्ता तथा अन्य सुविधा पाउने छैन र सो अवधी सेवामा गणना समेत हुनेछैन।

**२५.स्थायी आवासीय अनुमति लिन नहुनेः** गाउँपालिकाको स्वामित्व रहेको स्वास्थ्य संस्थामा कार्यरत कुनै स्वास्थ्यकर्मी तथा कर्मचारीले कुनै पनि देशको स्थायी आवासीय अनुमति लिन पाईने छैन।स्थायी आवासीय अनुमति लिएका स्वास्थ्यकर्मी तथा कर्मचारीलाई सेवावाट वर्खास्त/खारेज गरी थप दण्ड तथा सजाय तोकिए बमोजिम हुनेछ।

## परिच्छेद-४

## स्वास्थ्य संस्था खोल्न अनुमति वा स्वीकृति र खारेजी सम्वन्धी व्यवस्था

**२६.स्वास्थ्य संस्था खोल्न अनुमति लिनु पर्नेः**

(१) नेपाली नागरिक, संस्था, निकाय र समुदायले सामुदायिक वा निजि स्वास्थ्य संस्था खोल्न र स्वास्थ्य व्यबसाय सञ्चालन गर्न चाहेमा तोकिएको विवरण खुलाई गाउँपालिकामा तोकिएको प्रकृया पुरा गरी अनुमतिका लागी निवेदन दिनुपर्नेछ।

(२) उपदफा (१) बमोजिम निवेदन परेमा सो निवेदन उपर गाउँपालिकाले आवश्यक जाँचवुझ गर्ने र जाँचवुझ गर्दा नीजि स्वास्थ्य संस्था खोल्न तथा स्वास्थ्य व्यबसाय सञ्चालन गर्न अनुमति दिन मनासिव देखिएमा तोकिएको सर्त बन्देज पालना गर्ने गरी स्वास्थ्य संस्था तथा स्वास्थ्य व्यबसाय सञ्चालन गर्ने अनुमति गाउँपालिकाको स्वास्थ्य समितिको सिफारिसका

आधारमा कार्यपालिकाले अनुमति दिनेछ।गाउँपालिकाले आफै स्वास्थ्य संस्था खोल्न आवश्यक ठानेमा गाउँपालिकाको स्वास्थ्य समितिको सिफारिसका आधारमा कार्यपालिकाले निर्णय गरे बमोजिम हुनेछ।

(३) उपदफा (२) बमोजिम अनुमति लिई खोलिएको स्वास्थ्य संस्था तथा स्वास्थ्य व्यावसायले तोकिएका सर्त बन्देज पालन गरेको देखिएमा गाउँपालिकाको स्वास्थ्य समितिको सिफारिशमा कार्यपालिकाको निर्णयले स्वीकृति प्रदान गर्नेछ।

(४) गाउँपालिकाको स्वमित्वमा रहने वाहेकका अन्य कुनै पनि स्वास्थ्य संस्था र स्वास्थ्य व्यबसाय सरकारी वा सार्वजनिक जग्गा भवनमा सञ्चालन गर्न पाउने अनुमति दिइने छैन।

(५) आय-व्ययको लेखा तोकिए बमोजिम खडा गरी मान्यता प्राप्त लेखापरीक्षकबाट लेखापरीक्षण गराउनुपर्ने,

(६) ऐन बमोजिम सञ्चालित स्वास्थ्य संस्था र स्वास्थ्य व्यबसायले पालना गर्नु पर्ने सर्त तथा अन्य  व्यवस्था तोकिए बमोजिम हुनेछ।

(७) नेपाल सरकारको प्रचलित कानून वमोजिम अनुमती/स्विकृती प्राप्त गरी संञ्चालनमा रहेका हाल सुनिलस्मृती गाउँपालिकाको क्षेत्राधिकार भित्र पर्ने स्वास्थ्य संस्था र स्वास्थ्य व्यबसाय यसै ऐन अनुसार स्थापना भएको मानिनेछ।त्यस्ता संस्थाहरुले यो ऐन जारी भएको मिती ले ३(तीन) महिना भित्र दर्ता नियमित गर्न/गराउन कार्यपालिकामा तोकिएको ढाँचामा संम्पुर्ण विवरण सहितको निवेदन पेश गर्नु पर्नेछ।

(८) सरकारी स्वास्थ्य संस्थामा कार्यरत कर्मचारीले स्वास्थ्य व्यवसाय संचालन गर्नु परेमा सम्बन्धित कार्यालयबाट स्वीकृत लिनु पर्नेछ ।

(९) स्वास्थ्य संस्था र स्वास्थ्य व्यबसाय दर्ता तथा सञ्चालन प्रचलित कानून र तोकिए बमोजिम हुनेछ ।

**२७. अनुमति वा स्वीकृति रद्ध गर्नेः**

उपदफा (२) र (३) बमोजिम खोलिएका कुनै पनि नीजि, सामाजिक, परोपकारी वा कल्याणकारी संस्थाले स्वास्थ्य संस्था तथा स्वास्थ्य व्यबसायवाट यो ऐन र यस  अन्तर्गत बनेको नियमावली विपरीत अन्य कुनै काम गरेमा गाउँपालिकाले त्यस्तो कुनै नीजि स्वास्थ्यसंस्था तथा स्वास्थ्य व्यबसायलाई प्रदान गरेको अनुमति वा स्वीकृति गाउँपालिकाको स्वास्थ्य समितिको सिफारिशमा रद्ध गर्नसक्नेछ । तर त्यसरी अनुमति वा स्वीकृति रद्ध गर्नु

अघि सफाई पेश गर्ने मौका दिइनेछ। खारेजी उपर चित्त नबुझे न्यायिक समितिमा उजुरी लाग्नेछ।

## परिच्छेद-५

## स्वास्थ्य संस्था स्थापना र सञ्चालन सम्वन्धी मापदण्ड

### २८.अस्पताल तथा स्वास्थ्य संस्था सञ्चालन मापदण्ड

(१) अस्पतालः गाउँपालिका आफैले तोकिएको मापदण्डमा १५(पन्ध्र) शैया सम्म क्षमताको अस्पताल सञ्चालन गर्न सक्नेछ। यस्तो अस्पताल सञ्चालन गर्न गाउँपालिकाले अस्पताल सञ्चालन नियमावली तर्जुमा गरी सञ्चालन गर्नेछ ।

(२) स्वास्थ्य चौकीः गाउँपालिकाले प्रत्येक वडा अर्थात जनसंख्याको अनुपातमा कम्तिमा देहायका पूर्वाधार पूरा गरी स्वास्थ्य चौकी वा आधारभुत स्वास्थ्य सेवा केन्द्र सञ्चालन गर्नु पर्नेछ।

(क) जनशक्तिः नेपाल सरकारबाट तोकिएको न्यूनतम मापदण्ड बमोजिमको दरबन्दी अनुसारको जनशक्ति रहनेछ । आवश्यकता अनुसार गाउँपालिकाको थप मापदण्ड र जनशक्ति थप घट गर्न सक्नेछ ।

(ख) भवन कोठाः प्रशासन कक्ष, औषधी भण्डारण तथा वितरण कक्ष, प्राथमिक उपचार कक्ष जस्ता ,स्तनपान कक्ष,परामर्श कक्ष, महिला र अपांग मैत्री सौचालय, बर्थिंग सेन्टर को लागि आबस्यक मापदण्ड सहित जस्ता सुविधा सहितको भवन ।

(ग) उपकरणः प्राथमिक उपचारका आधारभूत उपकरण आदि।

(३) आयुर्वेद तथा वैकल्पि कचिकित्सा केन्द्रः गाउँपालिका क्षेत्र भित्र जडिबुटी, प्राकृतिक चिकित्सा, योगा ,ध्यान लगायतका रोकथाम मूलक र वैकल्पिक चिकित्सा सेवाको प्रबर्न्धनका लागि समुदाय वा ट्रष्टहरुसँगको साझेदारीमा वा गाउँपालिका आफैंले कम्तीमा एउटा आयुर्वेद र प्राकृतिक चिकित्सा केन्द्रको स्थापना र सञ्चालन गर्नु पर्नेछ ।

(क) जनशक्ति नेपाल सरकारबाट तोकिएको दरवन्दी अनुसारको जनशक्ति हुनेछ। गाउँपालिकाले थप जनशक्ति तोक्न सक्नेछ ।

(ख) भवन कोठाः प्रशासन कक्ष, औषधी भण्डारण तथा वितरण कक्ष, प्राथमिक उपचार कक्ष, पूर्वकर्म कक्ष जस्ता सुविधा सहितको भवन ।

**२९. निजी क्षेत्रले अस्पताल सञ्चालन गर्न सक्ने।**

(१) गाउँपालिका क्षेत्र भित्र निजी क्षेत्र तथा ट्रष्ट वा लोककल्याणकारी संस्था द्वारा अस्पताल सञ्चालन गर्न चाहेमा१५(पन्ध्र)शैया सम्मको सञ्चालन अनुमति गाउँपालिकाले दिन सक्नेछ।

(२) उपदफा (१) बमोजिम अस्पताल सञ्चालन गर्न चाहने निकायले अनुमतिको लागि तोकिएको ढाँचामा गाउँपालिकामा निवेदन दिनुपर्नेछ।

(३) स्वास्थ्य अनुगमन समितिले प्राप्त निवेदन उपर छलफल तथा आवश्यक अनुगमन गरी तोकिएको मापदण्ड पुरा गरेमा अस्पताल सञ्चालनको स्वीकृति प्रदान गर्न सक्ने गरी आशय-पत्र प्रदानग र्न गाउँकार्यपालिकालाई सिफारिस गर्नेछ।

(४) उपदफा (३)को आधारमा गाउँकार्यपालिकाले दुईबर्ष भित्र तोकिएको मापदण्ड पुरा गरेमा अस्पताल सञ्चालनको स्वीकृति प्रदान गर्न सकिने प्रकारको आशय पत्र प्रदान गर्नेछ ।

(५) तोकिएको समय सीमा भित्र यसै ऐन बमोजिम तोकिएको पूर्वाधार तयार गरी स्वीकृतिका लागि गाउँकार्यपालिकामा निवेदन दिनुपर्नेछ।

(६) उपदफा (५) बमोजिमको निवेदन उपर आवश्यक अनुगमन गरी तोकिएको मापदण्ड पुरा गरेको ठहर भएमा अस्पताल सञ्चालनको अनुमति प्रदानगर्न सक्नेछ ।

(७) आशयपत्रमा उल्लेख गरिएको समयसीमा भित्र तोकिएको मापदण्ड पुरा गरेको नपाईएमा स्वीकृति प्रदान गरिने छैन।

(८) गाउँपालिकाले गाउँ क्षेत्रमा संचालित सबै निजी स्वास्थ्यसंस्थाहरुको अनुगमन र नियमन गर्न सक्नेछ।

**३०. स्वास्थ्य क्लिनिक संचालन गर्न आबश्यक मापदण्डः**

गाउँपालिकाको स्विकृतीमा सन्चालन हुने स्वास्थ्य क्लिनिकहरुले देहाय अनुसारको मापदण्ड पुरा गर्नु पर्नेछ ।

(१) जनशक्तिः सि. एम. ए. वा हे. अ. (CMA ,HA ) कम्तिमा १ जना

(२) भवन : विरामी जाँच्ने कोठा र इमरजेन्सी वेड,

(३) उपकरण : प्राथमिक उपचारका आधारभूत उपकरण,

(४) सेवा : विरामी जाँच, सुइ लगाउने, सलाइन दिने, Dressing , I/D, Suturing ,आधारभूत स्वास्थ्य सेवा

(५) योग्यता अनुसार प्रेसकृप्सन गर्न पाउने,

(६) फार्मेसी दर्ता भएको हुनु पर्ने ।

**३१.पोलिक्लिनिक सञ्चालनको अनुमतिः**

गाउँपालिकाले आफ्नो कार्यक्षेत्रमा कुनै व्यक्ति वा संस्थाले पोलिक्लिनिक सञ्चालन गर्न चाहेमा तोकिएको मापदण्ड पूरा गरी स्वीकृति लिनुपर्नेछ।

१) जनशक्तिः MBBS, HA/ AHW, Staff Nurse/ANM, Lab Assitant/ Lab Technician
कम्तीमा १/१ जना

(२) भवन तथा कोठा : दर्ता चलानी, इमर्जेन्सी कक्ष, प्रयोगशाला, विरामी
राख्ने बेड, फार्मेसी

(३) उपकरण : विरामी राख्ने बेड र लाइफ सपोर्ट सिष्टम, २४ घण्टा विद्युत र खानेपानी सेवा भएको,अक्सिजनको व्यवस्था, चिकित्सा जन्य फोहर ब्यवस्थापनको प्रणाली भएको हुनुपर्नेछ।

(४) सेवा : ल्याव, एक्स रे, भिडियो एक्स रे, ई सि जी

**(३२) अस्पताल सञ्चालन गर्न आवश्यक मापदण्डः**

गाउँपालिकाको स्वीकृतिमा सञ्चालन हुने अस्पतालहरुले देहाय अनुसारको मापदण्ड पुरा गर्नुपर्नेछ।

(१) जनशक्तिः कम्तीमा २ जनाः MBBS डाक्टर, कम्तीमा ४ जना स्टाफ नर्स, कम्तीमा एक जना ल्याव टेक्निसियन, ४ जना स्वास्थ्य सहायक, ४ जना अ.हे.व.,४ जना अ.न.मी र ४ जना कार्यालय सहयोगी ।

(२) भवन तथा कोठाः दर्ता चलानी, वहिरंग सेवा, इमर्जेन्सी कक्ष, प्रयोगशाला, भर्ना भएका विरामी राख्ने क्याविन ,नर्सिङ कक्ष, प्रशासन कक्ष, पार्किङ, फार्मेसी हुनुपर्ने।

(३) उपकरण र पूर्वाधारः सडक नेटवर्कले जोडिएको, एम्बुलेन्स सेवाको उपलब्धता, विरामी राख्ने बेड र लाइफ सपोर्ट सिष्टम, २४ घण्टा विद्युत र खानेपानी सेवा भएको, अक्सिजनको व्यवस्था, चिकित्सा जन्य फोहर ब्यवस्थापनको प्रणाली भएको हुनुपर्नेछ।

(४) अन्य पूर्वाधारहरु तोकिए बमोजिम हुनेछ।

(५) गाउँपालिकाले थप मापदण्ड तोकी लागु गर्न सक्नेछ।

**३३. मेडिकल प्रयोगशाला सञ्चालनः**

व्यक्ति वा कुनै संस्थाले प्रयोगशाला सञ्चालन गर्न चाहेमा देहाय बमोजिमको विवरण सहित गाउँपालिकाबाट स्वीकृति लिनुपर्नेछ।

(१) संचालकको विवरण र नागरिकताको प्रमाणपत्र,

(२) प्रयोगशाला सञ्चालन गर्ने स्थान, घरधनी र संचालक बीचको घरभाडा सम्बन्धी संझौतापत्र,

(३) प्याथोलोजी विषयमा मान्यता प्राप्त शिक्षण संस्थाबाट ल्याव असिस्टेन्ट वा ल्याव टेक्निसियन अध्ययन गरी स्वास्थ्य व्यबसायी परिषदबाट लाइसेन्स प्राप्त गरेको व्यक्तिको प्रमाणपत्र र काम गर्न इच्छुक भएको पत्र,

(४) ल्याबमा उपलब्ध हुने परीक्षणको प्रकार,

(५) ल्याबमा प्रयोग हुने न्यूनतम उपकरणहरुको विवरण,

(६) प्रस्तावित लागत

**३४. फार्मेसी सञ्चालनको अनुमतिः** फार्मेसी सञ्चालन गर्ने व्यक्ति वा फमले गाउँपालिकामा अनुमतिको लागि निवेदन पेश गर्दा तोकिएको मापदण्ड पूरा गरी औषधी व्यवस्था बिभागबाट स्वीकृति लिएको फार्मेसी सञ्चालन अनुमतिपत्र पेश गर्नुपर्नेछ।

**३५. मापदण्ड पूरा नगरेमा सजाय हुनेः**

(१) स्वास्थ्यसंस्था, प्रयोगशाला, फार्मेसी जस्ता स्वास्थ्य सेवा सञ्चालनको स्वीकृति लिदा तोकिएको मापदण्ड पुरा नभएको तर झुक्याएर विवरण दिएको वा अस्थायी रुपमा मापदण्ड पूरा गरेको पाइएमा अनुगमन समितिले अनुगमन गरी सचेत गराउने, तोकिए बमोजिम जरिवाना गराउने तथा स्वीकृति खारेजीको लागि गाउँपालिकामा सिफारिस गर्न सक्नेछ।

(२) प्रयोगशालामा तालिम प्राप्त ल्याव असिस्टेन्ट वा टेक्निसियन बाहेकका ब्यक्तिले रगत, दिसापिसाब, खकार लगायतको परीक्षणमा संलग्न भएको पाइएमा त्यस्तो प्रयोगशाला वन्द गराउन सक्ने, सञ्चालकलाई कालोसूचीमा राखी सोको आमजनतालाई जानकारी दिइनेछ।

(३) फार्मेसीको हकमा दर्तावाला सञ्चालक र फार्मेसी प्राविधिक बाहेक अरुले औषधी बेचेको पाइएमा तोकिए बमोजिम जरिवाना तिराउने देखि अनुमति खारेज गर्न सकिनेछ ।

**३६.सहुलियत र छुटको ब्यवस्था गर्नुपर्नेः** निजी लगानी र ट्रष्ट मार्फत सञ्चालनमा आएका स्वास्थ्य संस्थाहरुले कूल शैयाको कम्तीमा १० प्रतिशत शैया गाउँपालिकाको सिफारिसमा तोकिए बमोजिमका सेवाग्राहीहरुका लागि निःशुल्क सेवाका लागि छुट्याउनु पर्नेछ।

## परिच्छेद-६

## कोष, शुल्क तथा स्वास्थ्य संस्थाको सम्पत्ति सम्वन्धी व्यवस्था

**३७.स्वास्थ्य सेवा विकास कोषः**

(१) स्वास्थ्य संस्थाको भौतिक पूर्वाधार विकासमा सहयोग पुऱ्याउन तथा त्यस्ता संस्थामा गुणस्तर अभिवृद्धि गर्न गाउँपालिकामा एउटा स्वास्थ्य सेवा विकास कोष रहनेछ। कोषको सञ्चालन तोकिए वमोजिम हुनेछ ।

(२) उपदफा (१) बमोजिमको कोषमा देहायका रकमहरू रहनेछन्ः

(क) नेपाल सरकारबाट प्राप्त अनुदान रकम,

(ख) प्रदेश सरकारबाट प्राप्त अनुदान रकम,

(ग) गाउँपालिकाको विनियोजन कोष रकम,

(घ) नीजि स्वास्थ्य संस्थाबाट प्राप्त तोकिए बमोजिमको रकम,

(ङ) चन्दा वा दान दातव्यबाट बाट प्राप्त रकम,

(च) अन्य स्रोतबाट प्राप्त रकम।

**३८.स्वास्थ्य संस्था कोषः**

(१) प्रत्येक स्वास्थ्य संस्थामा एउटा कोष रहनेछ, जसमा देहाय बमोजिमका स्रोतबाट प्राप्त रकम सो कोषमा दाखिला हुनेछ, ।

(क) नेपाल सरकार, प्रदेश सरकार र गाउँपालिकाबाट प्राप्त अनुदान रकम,

(ख) गाउँकार्यपालिकाको स्वास्थ्य कोषबाट प्राप्त अनुदान,

(ग) शुल्क तथा सहयोगबाट प्राप्त रकम,

(घ) चन्दा वा दान दातव्यबाट प्राप्त रकम,

(ङ) अन्य स्रोतबाट प्राप्त रकम,

(२) उपदफा (१) बमोजिमको कोषको सञ्चालन र लेखापरीक्षण तथा सार्वजनिक परीक्षण तोकिए बमोजिम हुनेछ।

**३९. शुल्क सम्वन्धी व्यवस्थाः**

(१) नेपाल सरकारले घोषणा गरेको निःशुल्क आधारभुत स्वास्थ्य सेवामा गाउँपालिका मातहतका कुनै पनि स्वास्थ्य संस्थाबाट कुनै पनि किसिमको शुल्क लिन पाईने छैन ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएता पनि कसैले आफ्नो इच्छाले दिएको दान, उपहार, चन्दा वा सहयोग स्वास्थ्य संस्थाले लिन सक्नेछ। यसरी प्राप्त स्रोतको स्पष्ट अभिलेख राख्नुपर्नेछ।

(३) गाउँपालिकाको स्वामित्व भएका स्वास्थ्य संस्थावाट निःशुल्क स्वास्थ्य सेवा प्रदान गर्नका लागी गाउँपालिकाले आवश्यक स्रोतको व्यवस्था गर्नेछ।

(४) उपदफा (१) मा जुनसुकै कुरा लेखिएता पनि निःशुल्क स्वास्थ्य सेवा प्रदान गर्नका लागी तोकिएको वाहेकका सेवा दिन गाउँपालिकाले आफ्नो पहलमा थप सेवा दिदा श्रोत र सामर्थ्य नपुगी सेवा तथा वस्तु खरिद,उपयोग,सञ्चालन व्यवस्थापनका लागी आवश्यक शुल्क निर्धारण गरी लार्गु गर्न गराउन सक्नेछ।

(५) उपदफा (१) बमोजिम निःशुल्क स्वास्थ्य घोषणा गरेको स्वास्थ्य संस्था बाहेक अन्य स्वास्थ्य संस्थामा सेवार गुणस्तरको आधारमा शुल्क निर्धारण गरी गाउँपालिकाको स्विकृतीमा लागु गरिनेछ ।

(६) विरामी तथा सेवाग्रही सँग लिने शुल्क गाउँपालिकाबाट स्वीकृत गराई निर्धारण गर्नु पर्नेछ ।त्यसरी शुल्क निर्धारण सम्बन्धमा स्वीकृति दिंदा उपलब्ध गराएको सुविधाको आधारमा दिइनेछ ।

(७) यस ऐन विपरीत शुल्क लिने स्वास्थ्य संस्थालाई लिएको शुल्कको प्रकृति हेरी पहिलो पटकमा दश हजार रूपैयाँ देखी एक लाख रुपैयाँ सम्म जरिवाना र दोहोरिदै गएमा प्रत्येक पटक दोब्बर जरिवाना गर्न सक्नेछ ।

**४०. नीजि स्वास्थ्य संस्थाले निशुल्क उपचारको व्यवस्था व्यवस्था गर्नुपर्नेः**

(१) नीजि स्वास्थ्य संस्था (नीजि लगानी रहेका अस्पताल, क्लिनिक, नर्सिङ्गहोम, बैद्य खाना, सुधार केन्द्र, अनुसन्धान केन्द्र/डाइग्नोसिस सेन्टर, रक्तसञ्चार केन्द्र आदि) हरूले कुल सेवामा कम्तीमा १० प्रतिशतमा नघट्ने गरी आर्थिक रुपमा विपन्न, अपाङ्ग, महिला, आदिवासी, जनजाति,मधेसी, मुस्लिम दलित वा अल्प संख्यकहरुलाई निशुल्क सेवा उपलब्ध गराउनु पर्नेछ।

(२) उपदफा (१) बमोजिमको दिइने सेवामा गाउँपालिकाको स्वास्थ्य समितिले आधार सहित सेवाको लागी सिफारीस गर्न सक्नेछ।उक्त सिफरिसलाई प्राथमिकतामा राखेर सेवा दिनु सम्वन्धित संस्थाको कर्तव्य हुनेछ।

(३) उपदफा (१) बमोजिमको दिइएको सेवाको आधार सहितको विवरण गाउँपालिकामा पेश गर्नु पर्नेछ।

(४) उपदफा (२) बमोजिम गाउँपालिकामा पेश भएको विवरणमा अन्यथा देखिएमा पुनरावलोकन गर्न स्वास्थ्य समितिले सम्वन्धित संस्थालाई निर्देशन दिन सक्नेछ। उक्त निर्देशन संवन्धित संस्थाले पालना गर्नु पर्नेछ।

## ४१. स्वास्थ्य संस्थाको सम्पत्तिः

(१) गाउँपालिकाको स्वमित्वमा आएको र आउने स्वास्थ्य संस्थाको नाममा रहेको चलअचल सम्पत्ति गाउँपालिकाको सम्पत्ति हुनेछ। गाउँपालिकाले प्रयोगमा आउने वाहेक अन्य सम्पती प्रचलित कानून बमोजिम बेचबिखन गरी प्राप्त भएको रकम गाउँपालिकाको स्वास्थ्य सेवा विकास कोषमा जम्मा गर्नेछ।

(२) नीजि (नीजि, साझेदारी तथा नीजि, साझेदारी कम्पनि) स्वमित्वमा सञ्चालित संस्थाहरुको सम्पत्ति सम्वन्धित व्यक्ती वा निकायको स्वमित्वमा रहनेछ।

(३) नीजि (नीजि, साझेदारी तथा नीजि,साझेदारी कम्पनि) स्वमित्वमा सञ्चालित संस्थाहरुले कुनै व्यक्ति वा संघसंस्था सँग दान दातव्यको रुपमा कुनै किसिमको चल, अचल सम्पत्ति प्राप्त गर्नु अघि गाउँपालिकाको पुर्वस्वीकृति लिनु पर्नेछ। तर विदेशी व्यक्ति वा संघसंस्थावाट त्यसरी चल,अचल सम्पत्ति प्राप्त गर्न गाउँपालिकाको सिफारीसमा संघीयसरकारवाट पुर्वस्वीकृति लिनुपर्नेछ।

(४) संघीय सरकारको स्वीकृतिमा प्राप्त गरेको सम्पत्ति संघीय सरकारको स्वीकृति बेगर र गाउँपालिकाको स्वीकृतिमा प्राप्त गरेको सम्पत्ति गाउँपालिकाको स्वीकृति बेगर बेचविखन तथा अन्यथा गर्न पाइने छैन।

## ४२. छुट र सुविधाः

(१) सामुदायिक रुपमा सञ्चालित स्वास्थ्य संस्थाको नाममा जुनसुकै लिखत पारित गर्दा रजिष्ट्रेशन दस्तुर लाग्ने छैन।

(२) उपदफा (१) मा लेखिएको वाहेक अन्य स्वास्थ्यको नाममा कुनै लिखत पारित गर्दा नेपाल सरकारले तोके बमोजिमको आधारमार जिष्ट्रेशन दस्तुर लाग्नेछ।

(३) सरकारी र सामुदायिक रुपमा सञ्चालित स्वास्थ्य संस्थालाई दिइने अन्य छुट र सुविधा तोकिए बमोजिम हुनेछ।

## परिच्छेद-७

## औषधी तथा स्वास्थ्य उपकरणको खरिद, भण्डारण र वितरण सम्वन्धी व्यवस्था

**४३.बार्षिक खरिद योजना बनाउनु पर्नेः**

(१) आफ्नो क्षेत्र भित्र बार्षिक रुपमा आवश्यक पर्ने औषधी तथा स्वास्थ्य उपकरणको अनुमान र खरिद गर्न बार्षिक खरिद योजना बनाई स्वीकृत गराउनु पर्नेछ।

(२) बार्षिक खरिद योजना स्वास्थ्य तथा सरसफाई शाखाको सहयोगमा खरिद इकाईले तयार गर्नेछ।

(३) औषधी तथा स्वास्थ्य उपकरणको खरिदका लागि गाउँपालिका स्वास्थ्य शाखाले प्रक्रिया अगाडी बढाउने छ ।

(४) औषधी तथा स्वास्थ्य उपकरणको खरिद कार्यमा सार्वजनिक खरिद ऐन,२०६३, सार्वजनिक खरिद नियमावली, २०६४ र विषयगत स्थानीय कानूनको प्रावधान अनुसार गर्नु पर्नेछ।

**४४.औषधी तथा स्वास्थ्य उपकरणको भण्डारणः**

(१) खरिद गरिएको औषधी तथा स्वास्थ्य उपकरणको सुरक्षित भण्डारणको व्यवस्था गाउँपालिका स्वास्थ्य तथा सरसफाई शाखाले मिलाउनेछ।

(२) स्वास्थ्य उपकरण र औषधिको खरिद चौमासिक रुपमा गर्नुपर्नेछ। खरिदको परिमाण निर्धारण गर्दा सम्वन्धित वडा समितिले माग गरे बमोजिम २० प्रतिशतमा नबढने गरी गर्नु पर्नेछ।

(३) गाउँपालिकाले खरिद गरेको उपकरण र औषधिको कूल परिमाण र मूल्य खरिद मितिको एक हप्ता भित्र सार्वजनिक गर्नु पर्नेछ।

(४) सम्वन्धित सामुदायिक स्वास्थ्य शाखाले गाउँपालिकाबाट प्राप्त गरेको उपकरण र औषधी तथा औषधी बितरण सम्वन्धी विस्तृत बिवरण चौमासिक रुपमा सार्वजनिक गर्ने र सम्वन्धित वडासमिति मार्फत गाउँपालिकामा बुझाउनु पर्नेछ।

**<u>औजार तथा उपकरणहरु</u>**

४५ . औजार तथा उपकरण सम्बन्धी विस्तृत जानकारीको लागि स्वास्थ्य संस्था स्थापना, सञ्चालन तथा स्तरोन्नति मापदण्ड सम्बन्धि निर्देशिका, २०७० हेर्नुहोस ।

**<u>सेवा सम्बन्धी व्यवस्था</u>**

४६ विशेषज्ञ सेवा प्रदान गर्ने अस्पतालका पूर्वाधार तथा मापदण्डः विशेषज्ञ सेवा प्रदान गर्ने अस्पतालकको

पूर्वाधार तथा मापदण्ड स्वास्थ्य संस्था स्थापना, सञ्चालन तथा स्तरोन्नति मापदण्ड सम्बन्धि निर्देशिका, २०७० बमोजिम हुनेछ।

४७ . स्वास्थ्य क्लिनिक /पोली क्लिनिक सम्बन्धी मापदण्ड तथा पूर्वाधारः (१) स्वास्थ्य क्लिनिक/पोली क्लिनिकमा स्वास्थ्य जाँच गर्ने चिकित्सक कुनै पनि मान्यता प्राप्त शिक्षण संस्थाबाट कम्तीमा पनि MBBS वा सो सरहको चिकित्सा सम्बन्धी उपाधि प्राप्त गरी सम्बन्धित काउन्सिलमा दर्ता भएको हुनुपर्नेछ ।

(२) परामर्श सेवा दिने व्यक्ति स्वास्थ्य विज्ञानमा प्रमाणपत्र तह वा सो सरह उत्तीर्ण गरी परामर्श सेवा तालीम प्राप्त हुनुपर्नेछ ।

(३) पोली क्लिनिकमा रेडियोलोजी इमेजिङ सेवा, प्रयोगशाला तथा औषधी उपचार सेवा सञ्चालन गर्नु परेमा छुट्टाछुट्टै सेवा सम्बन्धी निर्धारित पूर्वाधार पूरा गर्नु पर्नेछ ।

(४) स्वास्थ्य क्लिनिक/पोली क्लिनिकमा स्वास्थ्य सेवा सञ्चालनका लागि देहाय बमोजिमका आवश्यक न्यूनतम भौतिक सुविधा हुनुपर्नेछः-

(क) बिरामीको जाँच गर्ने Ventilated वा AC कोठा सेवा अनुसारको छुट्टाछुट्टै (कम्तीमा १४ वर्ग मिटरका) १

(ख) बिरामी बस्ने ठाउँ (कुर्ने ठाउँ) १

(ग) बिरामी जाँच्ने टेबुल १

(घ) चिकित्सकको लागि टेबुल १

(ङ) चिकित्सकककको लागि कुर्सी १

(च) बिरामी बस्ने टुल १

(छ) शौचालयको व्यवस्था (अपाङ्ग मैत्री सहित) २

(ज) टेलिफोन, इन्टरनेट र Web page

(झ) स्वास्थ्य शिक्षा सम्बन्धी सूचनामुलक पोष्टर तथा अन्य सामग्री

(ञ) स्वच्छ पानीको आपूर्ति

(ट) निरन्तर विद्युत आपूर्ति ।

(५) सेवा र विषय अनुसारको आवश्यक औजार तथा उपकरणको व्यवस्था गर्नु पर्नेछ ।

(६) बिरामीको सम्पूर्ण विवरण राखको लागि कम्प्यूटर वा रजिष्टर हुनु पर्नेछ ।

(७) क्लिनिकमा प्रयोग हुन सम्पूर्ण औजारको अनिवार्य निर्मलीकरणको व्यवस्था गर्नु पर्नेछ ।

(८) क्लिनिकमा काम गर्ने सम्पुर्ण कर्मचारीको योग्यताको प्रमाणप्रत्रको प्रमाणित प्रतिलिपि साथै प्राविधिक कर्मचारीको सम्बन्धित परिषदमा दर्ता भएको प्रमाणपत्रको प्रमाणित प्रतिलिपि राख्नु पर्नेछ ।

(९) सेवा शुल्क र आयकर प्रमाणपत्र सबैले देख्ने ठाउँ राख्नु पर्नेछ ।

(१०) गाउपालिकाबाट तोकिएका एकीकृत स्वास्थ्य सूचना व्यवस्थापन प्रणालीको ढाँचा अनुसार नियमित रुपमा मासिक प्रतिवेदन गाउपालिकाको कार्यालयमा पठाउनु पर्नेछ ।

**४८ . रेडियोलोजी वा डाईग्नोष्टिक एण्ड इमेजिङ सेवा**

**सञ्चालनका लागि आवश्यक पूर्वाधार तथा शर्त :** (१) यस निर्देशिकाको प्रयोजनको लागि रेडियालोजी वा

डाइग्नोष्टिक सेवा अन्तरगत देहायका प्रविधि समावेश गरिएको छः-

X-ray (३०० MA सम्म)

Ultrasonogram (USG)

(२) उपदफा (१) मा उल्लेख गरिएको बाहेका थप प्रविधिको लागि माग भएमा नगरपालिकाको सिफारिसमा प्रादेशिक स्वास्थ्य संरचनाले स्वीकृती दिनेछ ।

(३) रेडियोलोजी डायग्नोष्टिक तथा इमेजिङ्ग सेवाबाट पर्ने विकिरणको दुष्प्रभावलाई कम गर्नको लागि उक्त सेवा सञ्चालन गर्न अनुमति दिँदा वा सिफारिस गर्दा निम्न मापदण्डलाई आधार मानिनेछ:-

(क) एक्सरेका लागिः

(१) एउटा एक्सरे मेसिनका लागि कम्तीमा २२५ स्क्वायर फिटका कोठा हुनु पर्नेछ ।

( २ ) एक्सरे गर्ने कोठाका Wall Thickness:

(अ) ९ ईञ्च With plaster of Paris,

(आ) ६ ईन्च With 20mm Lead Barrier,

(इ) २.० एम एम Lead Thickness हुनु पर्ने र साथ झ्याल, ढोका तथा भित्ताबाट हुने विकीरणको चुहावट हुन

नसक्ने गरी आवश्यक व्यवस्था भएको हुनु पर्नेछ ।

(३) X-ray सेवा प्रदान गर्ने व्यक्तिका लागि एक्सरे कोठाभित्र ०.५ mm को एप्रोन तथा radiation Protective measures को व्यवस्था हुनु पर्नेछ।

(४) Radiology मा कायरत कर्मचारीको लागि radiation dose monitor उपलब्ध हुनु पर्दछ र समय समयमा Radiation survey monitoring गर्नु पर्नेछ ।

(५) Eye, Gonadal, Thyroid को लागि lead Gland आदिका protection को व्यवस्था हुनुपर्नेछ ।

(६) X-ray एक्स्पोज गर्ने कोठा डार्करूम र प्रतिक्षा गर्ने कक्ष छुट्टाछुट्टै हुनु पर्नेछ।

(19) Radiology विभागमा जनसाधारणले देखे ठाउमा x-ray विकिरणले स्वास्थमा खराब असर पर्न सक्छ भन्नेबारे सूचना गर्ने र सो सूचनामा गर्भवती महिला तथा बालबालिलाई अनावश्यक विकीरणबाट बच्न अनुरोध गरेको हुनु पर्नेछ ।

(ख) रेडियोलोजी सेवाका लागि आवश्यक जनशक्ति तथा योग्यता:- रेडियोलोजी सेवाका लागि आवश्यक जनशक्ति तथा योग्यता देहाय बमोजिम हुनु पर्नेछ:-

(१) रेडियोलोजिष्ट मान्यता प्राप्त शिक्षण संस्थाबाट चिकित्सा शास्त्रमा स्नातक तह उतीर्ण गरी रेडियोलोजी विषयमा एम. डी., डी. एम. आर., एफ. आर. सी. आर. वा सो सरह कोर्ष उत्तीर्ण गरेको हुनु पर्नेछ ।

(२) रेडियोलोजी एण्ड इमेजिङ्गका रिपार्टिङ्ग रेडियोलोजिष्टहरुले मात्र गर्न पाउनुको साथै Radiological Intervention Procedure हरु यथासम्भव रडियोलोजिष्टले गर्ने व्यवस्था मिलाउनु पर्नेछ ।

(३) रेडियोलोजी सेवाका लागि आवश्यक जनशक्ति बा योग्यता निम्न बमोजिम हुनु पर्नेछ:-

(अ) Medical Physicist : Medical Physicist विषयमा Bsc वा Msc उत्तीर्ण गरको ।

(आ) बायोमेडिकल ईन्जिनियरः बायोमे डिकल ईन्जिनियरिङ्ग विषयामा मान्यता प्राप्त शिक्षण संस्थाबाट स्नातक तह उत्तीर्ण गरेको हुनु पर्नेछ ।

(इ) सिनियर रेडियोग्राफिक टेक्नोलोजिष्टः सम्बन्धित विषयमा Msc Radiography गरी कम्तीमा स्नातक तहमा ३ वर्ष काम गरेको हुनुपर्नेछ ।

(ई) रेडियोग्राफीक अधिकृत (रेडियोग्राफिक टेक्नोलोजिष्ट): चिकित्सा शास्त्र अध्ययन संस्थान नेपाल सरकारबाट प्राप्त मान्यता अन्य संस्थान रेडियोग्राफीक बाट विषयमा (Bsc,Mit, Bsc. RT) स्नातक तह उत्तीर्ण गरेको हुनुपर्ने । साथै NHPC (Nepal health professional council) मा दर्ता भएको हुनु पर्नेछ।

(उ) रेडियोग्राफर: चिकित्सा शास्त्र अध्ययन संस्थानबाट वा नेपाल सरकारबाट मान्यता प्राप्त अन्य संस्थाबाट

रेडियोग्राफी बिषयमा प्रमाण पत्र तह उतीर्ण गरेको हुनु पर्नेछ

(ग) Radiation Measurement and Protection सम्बन्धी व्यवस्थाः Radiation Protection व्यवस्थित गर्न र x-ray unit हरुको गुणस्तर नाप गर्नलाई चाहिने आवश्यक उपकरण खरिद

गरी स्वास्थ्य मन्त्रालयले तोकेको निकायमा राखे र अनुगमन तथा निरीक्षणमा प्रयोग गर्ने र गुणस्तर, Dose Monior गर्ने र विश्व स्वास्थ्य संगठनका मापदण्ड अनुसार कुन काम गर्ने व्यक्तिमा radiation का dose 20 Milisievert per year (WHO) को सन् २००२ को मापदण्ड अनुसार देखिएमा उपयुक्त क्षतिपूर्तिको व्यवस्था सम्बन्धित संस्थाले मिलाउनु पर्नेछ ।

(घ) Ultrasonogram (USG): Ultrasonogram (USG) को प्रयोग सम्बन्धमा रेडियोलोजिष्ट बाहेक आफनो क्षेत्रमा मात्र प्रयोगमा ल्याउने गरी मान्यता प्राप्त संस्थाबाट कम्तीमा तीन महिनाको USG तालिम प्राप्त गरेको स्त्री तथा प्रसूति रोग सम्बन्धी विशेषज्ञले गर्न पाउनेछ । सेवा सञ्चालन गर्न आवश्यक बमोजिमका उपकरणको पर्ने निम्न व्यवस्था हुनु पर्नेछः-

(१) इमर्जेन्सी सेवामा चाहिने औषधि लगायत औजार उपकरणको व्यवस्था हुनु पर्नेछ ।

(२) स्टेचर हील चियरको व्यवस्था हुनु पर्नेछ ।

(३) शौचालयको राम्रो व्यवस्था हुनु पर्नेछ ।

(४) रेकर्डिङ्ग तथा रिपार्टिङ्गका लागि छुटै कोठाको व्यवस्था हुनु पर्नेछ ।

(५) वैकल्पिक विद्युतका लागि जेनरेटरका व्यवस्था हुनु पर्नेछ ।

(६) बिरामीका लागि र बिरामी बस्नको लागि कोठा कुरुवा लगायत व्यवस्था हुनु पर्नेछ ।

(७) स्टोर, रिपोर्ट डिस्टीब्यूसनका लागि छट्टाछुट्टै कोठाको व्यवस्था हुनु पर्नेछ ।

(८) Medical Equipment repair and maintenance गर्दा वायोमेडिकल ईन्जिनीयर वा रेडियोलोजिकल उपकरण सम्बन्धी विशेष तालिम प्राप्त व्यक्ति हुनु पर्नेछ ।

(९) विकीरण क्षेत्रमा काम गर्नेलाइ अनिवार्य रुपमा रेडिएसन भत्ताको व्यवस्था हुनुपर्नेछ।

(ङ) रेडियोलोजी सेवाका लागि न्यूनतम पूर्वाधार, उपकरण तथा जनशक्ति हुनु पर्नेछ ।

**४९ . प्रयोगशाला सेवा : (१)** प्रयोगशाला सेवा सञ्चालनका लागि प्रयोगशालाको स्तर, विभाजन र जनशक्ति देहाय बमोजिम हुनु पर्नेछ:-

(क) जनरल प्याथोलोजी: मान्यता प्राप्त शिक्षण संस्थाबाट एम. वि. वि. एस. वा सो सरह उत्तीर्ण गरी MD path, MRC path, DCP वा सो सरह उतीर्ण,

(ख) माईक्रोबायोलोजी: मान्यता प्राप्त शिक्षण संस्थाबाट MD Microbiology उपाधि प्राप्त गरेको,

(ग) हेमाटोलोजीः मान्यता प्राप्त शिक्षण संस्थाबाट MD Hematology उपाधि प्राप्त,

(घ) MD Biochemistry: मान्यता प्राप्त शिक्षण संस्थाबाट MD Biochemistry उपाधि प्राप्त,

(ङ) मेडिकल टेक्नोलोजिष्ट : मान्यता प्राप्त शिक्षण संस्थाबाट मेडिकल ल्याव टेक्नोलोजी विषयमा स्नातक BMLT उपाधि प्राप्त (मेडिकल टेक्नोलोजिष्टले Histopathology, Cytopathology and Bone Marrow Study बाहेकका सबै परीक्षण गर्न पाउने)

(च) विशेषज्ञ मेडिकल टेक्नोलोजिष्ट:- मान्यता प्राप्त शिक्षण संस्थाबाट मेडिकल ल्याव टेक्नोलोजी विषयमा

स्नातकोत्तर उपाधि MMLT प्राप्त, जुन विषयमा आफुले उपाधि प्राप्त गरेको छ सोहि विषयमा मात्र प्रयोगशाला सञ्चालन गरी विशेषज्ञ सेवा प्रदान गर्न पाउने छन् ।

(छ) ल्याब टेक्निशियन: मान्यता प्राप्त शिक्षण संस्थाबाट सम्बन्धित विषयमा प्रमाण पत्र तह वा सो सरह उतीर्ण (ल्याब टेक्निशियनल २५ शैया सम्मका सरकारी अस्पताल स्तरमा प्रदान गरिने प्रयोगशाला सम्बन्धी परीक्षण गर्न पाउने छ ।

(ज) ल्याब असिष्टेण्टः मान्यता प्राप्त शिक्षण संस्थाबाट कम्तीमा एक वर्ष वा १५ महिनाको ल्याब असिष्टेण्टको तालिम पूरा गरी प्रमाण पत्र प्राप्त गरेको (ल्याब असिष्टेण्टले २५ शैया सम्मका सरकारी

अस्पतालमा प्रदान गरिने प्रयोगशाला सम्बन्धी आधारभूत परीक्षण गर्न पाउनेछ । नोट: यस उपदफामा उल्लिखित जनशक्तिले आफूले हासिल गरेको योग्यताको विषयको पाठ्यक्रममा उल्लेखित सम्बन्धित परीक्षण गर्न पाउनेछन्।

(२) उपदफा (१) मा उल्लेखित जनशक्तिले आफूले प्राप्त गरेका प्रमाणपत्रका आधारमा व्यवसाय शुरू गर्नु अघि नेपाल सरकारले तोकेको परिषदमा दर्ता हुनु पर्नेछ ।

५० . प्रयोगशाला सञ्चालन सम्बन्धी न्यूनतम मापदण्डः निजी क्षेत्रमा सञ्चालित प्रयोगशालाको न्यूनतम मापदण्ड देहायबमोजिम हुनेछ:-

(क) प्रयोगशालामा कार्यरत जनशक्तिबाट दफा २१ मा लेखिए बमोजिमका परीक्षण मात्र गर्न पाइनेछ ।

(ख) आकस्मिक सेवा प्रदान गर्ने हरेक अस्पतालमा शैया अनुसारको आवश्यक पर्ने आकस्मिक परीक्षण गर्नुपर्नेछ । आइ सी यू. सेवा प्रदान गर्ने अस्पतालहरुमा Blood gas Analyzer हुनुपर्नेछ ।

(ga) राष्ट्रिय जनस्वास्थ्य प्रयोगशाला वा अन्य सम्बद्ध निकायबाट सञ्चालन गुणस्तर नियन्त्रण सम्बन्धी कार्यक्रममा अनिवार्य रुपमा भाग लिनुपर्नेछ ।

(घ) राष्ट्रिय जन स्वास्थ्य प्रयोगशालाबाट पठाईने गुणस्तर सम्बन्धी परीक्षण निर्देशन बमोजिम अनिवार्य रुपमा पालना गर्नु पर्नेछ ।

(ङ) प्रत्येक कोठामा पर्याप्त प्रकाश र Ventilation (भेन्टीलेशन) को व्यवस्था हुनु पर्नेछ।

(च) बिजुली र पानीको राम्रो व्यवस्था हुनु पर्नेछ।

(छ) प्रयोगशालाले फोहोर व्यवस्थापन नेपाल सरकारले तोकेको मापदण्ड अनुसार गरेको हुनु पर्नेछ ।

(ज) प्रयोगशालामा रगत तान्ने कोठा, सफा गर्ने कोठा, आकस्मिक कोठा, नमुना परीक्षण गर्ने कोठा र शौचालयको अनिवार्य व्यवस्था हुनु पर्नेछ ।

(झ) प्रयोगशालामा आवश्यक पर्ने टेबल, कुर्सी लगायतका आवश्यक फर्निचरहरु पर्याप्त मात्रामा हुनुपर्नेछ ।

(ञ) प्रयोगशालामा विशेषज्ञ सेवा प्रदान गर्दा आफुले जुन उपाधि प्राप्त गरेको छ सोही अनुसारमात्र सेवा सञ्चालन गर्न पाउनेछ ।

(ट) प्रयोगशालाको रिपोर्ट प्रमाणित गर्नेको नाम, शैक्षिक योग्यता एवं परिषदको दर्ता नम्बर उल्लेखित स्ट्याम्प वा प्रिन्टको प्रयोग गरेको हुनुपर्नेछ ।

## परिच्छेद-८

## स्वास्थ्य सेवाको न्यूनतम मूल्य र गुणस्तर, सामाजिक सुरक्षा अनुगमन सम्वन्धी व्यवस्था

**५१ .स्वास्थ्य सेवाको न्यूनतम मूल्य र गुणस्तर तोक्न सक्नेः**

(१) गाउँपालिकाले स्थानीय स्तरमा सञ्चालित चिकित्सकीय उत्पादन र स्वास्थ्य सेवाहरुको न्यूनतम मूल्य र गुणस्तर निर्धारण गर्न सक्नेछ । स्थानीय स्वास्थ्य सेवा अनुगमन समिति मार्फत निर्धारित गुणस्तर र मूल्य भए नभएको अनुगमन गरी सो अनुरुप कार्य गराउन निर्देशन दिनेछ।

**५२ .सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन तथा व्यवस्थापनः**

(१) गाउँपालिकाले राष्ट्रिय र प्रादेशिक नीति अनुसार स्वास्थ्य वीमा कार्यक्रमलाई प्रभावकारी रुपमा सञ्चालन गर्न आवश्यक सहजीकरण, जनचेतनाका कार्यक्रम तथा अभियानहरु सञ्चालन तथा व्यवस्थापन गर्नेछ ।

(२) आवश्यकता अनुसार अन्य सामाजिक सुरक्षा कार्यक्रमहरु निर्माण गरी सञ्चालन तथा व्यवस्थापन गर्नु पर्नेछ।

**५३ .सरसफाई स्वच्छताका लागि अनुगमन तथा नियमनः**

(१) स्वस्थ्य खानेपानी र खाद्यपदार्थको गुणस्तर एवं वायु ध्वनी प्रदुषण नियन्त्रण गर्न स्वास्थ्य तथा सरसफाई अनुगमन समितिले आवश्यक व्यवस्था मिलाउनेछ।

(२) प्रदुषण बढाउने उद्योग, संस्थान वा व्यक्तिलाई सो सम्वन्धी सचेत गराउन र सोबाट पर्न जाने हानी नोक्सानीको क्षतिपूर्ति गराउन सिफारिस गर्न सक्नेछ।

(३) सिफारिस बमोजिम स्थानीय कार्यपालिकाले दण्ड, जरिवाना तथा अन्य कारवाही सम्वन्धी व्यवस्था मिलाउन सक्नेछ ।

## परिच्छेद-९

## महामारी रोकथाम, फोहरमैला व्यवस्थापन सम्वन्धी व्यवस्था

**५४ .रोग तथा रोगीहरुको अभिलेख राख्नु पर्नेः**

(१) स्थानीयस्तरमा कुनै नागरिकलाई सरुवा रोग लागेमा सोको जानकारी २४ घण्टा भित्र नजिकको सामुदायिक स्वास्थ्य संस्था वा महिला सामुदायिक स्वास्थ्य स्वयमसेविकालाई टिपोट गराउनु पर्नेछ।

(२) कसैलाई नसर्ने रोग लागेको थाहा हुन आएमा सोको जानकारी ५ दिन भित्र नजिकको सामुदायिक स्वास्थ्य संस्था वा स्वास्थ्य महिला सामुदयिक स्वास्थ्य स्वयमसेविकालाई टिपोट गराउनु पर्नेछ।

(३) टिपोट गराइएका रोगीहरुको बिवरण सम्वन्धित स्वास्थ्य संस्थाहरुले मासिक रुपमा वडासमिति र गाउँपालिकाको स्वास्थ्य सूचना प्रणालीमा दाखिला गराउनु पर्नेछ।

**५५ .महामारी रोकथाम तथा नियन्त्रण गर्न अभियान सञ्चालन गर्नु पर्नेः**

(१) स्थानीय स्तरमा रोगको महामारी फैलिएमा गाउँपालिकाले सोको प्रभावक्षेत्र निक्यौंल गरी विद्यालय वन्द गर्न, अस्थायी रुपमा वस्ती खाली गर्न वा अन्यत्रका सर्वसाधारणलाई भ्रमणमा प्रतिवन्ध समेत लगाउन सक्नेछ ।

(२) यस्तो परिस्थितिमा महामारीबाट थप क्षति हुन नदिन आवश्यक शतर्कता अपनाउने, आवश्यक जनशक्ति परिचालन गर्ने र थप जनशक्तिको लागि छिमेकी स्थानीय सरकार,प्रदेश सरकार र संघीय सरकार समक्ष अनुरोध गरी प्रभावकारी रुपमा परिचालन गर्नु पर्नेछ।

**५६ . सुर्ती,मदिरा तथा सुर्ती जन्य पदार्थको नियमनः**

(१) सुर्ती तथा मदिराजन्य पदार्थ विक्री बितरणको लागि गाउँपालिकाबाट छुट्टै अनुमति लिनुपर्नेछ,

(२) खाद्य पदार्थ विक्री गर्ने पसलमा सुर्ती तथा मदिराजन्य पदार्थ विक्री बितरण गर्न बन्देज लगाइनेछ।

(३) सुर्ती, मदिरा र लागु पदार्थजन्य वस्तुको विक्री बितरण र प्रयोगमा नियन्त्रण गर्न निषेधि तर खुल्ला क्षेत्रहरु तोक्न सक्नेछ । विद्यालय, सरकारी कार्यालय, हाट बजार जस्ता क्षेत्रहरुको निश्चित दुरी तोकी धुम्रपान र मदिरापान निषेध गर्नेछ।

(४) खाद्य पदार्थ सँगै सुर्ती तथा मदिराजन्य पदार्थ विक्री बितरण गरेमा, निषेधित क्षेत्रमा धुम्रपान र मदिरा सेवन गरेमा स्थानीय प्रशासनको सहयोगमा गाउँपालिकाले कारवाही गर्न सक्नेछ।

**५७ .सरसफाइ सम्वन्धि कार्यक्रम तथा फोहरमैला व्यवस्थापनः**

(१) गाउँपालिकाको स्वास्थ्य तथा सरसफाई शाखाले व्यक्तिगत, घरेलु तथा सामुदायिक सरसफाईका मापदण्ड तयार गरी प्रत्येक आर्थिक बर्षको पहिलो महिना भित्र कार्यपालिका बैठकबाट अनुमोदन गराउनु पर्नेछ।

(२) यसरी अनुमोदन भएको मापदण्डलाई वडा कार्यालय र स्वास्थ्य संस्थाले पुरुष अभियानकर्ता र महिला सामुदायिक स्वास्थ्य स्वयंसेविकाहरु परिचालन गरी सबै घरपरिवारमा बितरण गर्नेछन्।

(३) घर निर्माण गर्दा शौचालयको फोहर व्यवस्थापन गर्ने विधि र घरेलु फोहर बिसर्जन गर्ने स्थानको अनिवार्य व्यवस्था भएको हुनुपर्नेछ।

(४) एक परिवारको शौचालय,ढल र फोहरमैला व्यवस्थित नभएको कारण अर्को परिवारमा हानी नोक्सानी पर्न गएमा सोको क्षतिपूर्ति हानी पुऱ्याउने परिवारले तिर्नु पर्नेछ।

(५) शहरी तथा अर्ध शहरी क्षेत्रमा निश्कासित फोहरमैला पूनःप्रयोग गरी कम्पोष्ट मल बनाइएको अवस्थामा गाउँपालिकाले प्रोत्साहन रकम प्रदान गर्न सक्नेछ।

(६) प्रत्येक स्वास्थ्य सस्थाले तोकिएको मापदण्ड बमोजिम जोखिम रहित र जोखिमयुक्त फोहोरहरुलाई छुट्टयाई व्यवस्थापन गर्नु पर्नेछ । आफ्नो स्वास्थ्य संस्थाबाट उत्पन्न भएका फोहोरमैला व्यवस्थापन गर्नु सम्बन्धित संस्थाकै दायित्व हुनेछ।

## परिच्छेद १०

## आकस्मिक स्वास्थ्य सेवा

**५८ . आकस्मिक सेवाबाट बन्देज नगरिने :**

(१) गाउँपालिका क्षेत्रमा संचलित कुनै पनि स्वास्थ्य संस्थामा कुनै पनि बिरामी व्यक्ती लाई आकस्मिक स्वास्थ्य सेवा प्राप्त गर्न बन्देज गरिने छैन ।

(२) स्वास्थ्य सेवा प्रदायक वा स्वास्थ्यकर्मीले आबश्यकता अनुसार कुनै पनि व्यक्तीलाई जीवन रक्षा गरी स्थिर अवस्थामा ल्याउने सम्म आकस्मीक उपचार गर्नु प्रत्येक स्वास्थ्य संस्था एवं स्वास्थ्यकर्मीको कर्तव्य र दायित्व हुनेछ ।

(३) स्वास्थ्य संस्थाले आकस्मिक सेवा व्यवस्थित गर्नका लागी विरामीको अवस्थाको गम्भिरताको आधारमा बर्गीकरण गरि प्राथमिकता तोकी उपचार गर्न सक्नेछ ।

(४) दफा १ को आकस्मिक उपचार खर्च व्यवस्थापन गर्नका लागी गाउँपालिकाले छुट्टै आकस्मिक उपचार कोषको व्यवस्था गर्नेछ ।

## परिच्छेद ११

## एम्बुलेन्स सेवा

**५९ . एम्बुलेन्स सेवा**

(१) गाउँपालिकाले आफ्नै श्रोतबाट वा अन्य संस्था संगको सहकार्यमा एम्वुलेन्स सेवा संचालन गर्नेछ ।

(२) शाखाले गाउँपालिका क्षेत्र भित्र आधारित भई संचालन हुने एम्वुलेन्सहरु नेपाल सरकार र स्थानिय तहले तोकेको मापदण्ड अनुरुप भए नभएको अनुगमन तथा नियमन गर्नेछ ।

(३) गाउँपालिका क्षेत्र भित्र आधारित भइ संचालन हुने एम्वुलेन्सहरु संचालकले शाखामा दर्ता तथा बार्षिक नविकरण गराउनु पर्नेछ साथै भाडा दररेट गाउँपालिकाले तोके बमोजिम हुनेछ।

(४) गाउँपालिकाले अन्य स्थानिय सरोकारवालाहरुसँगको सहकार्यमा एम्वुलेन्स संजाल निर्माण गर्न सक्नेछ ।

(५) उपदफा (३) बमोजिम दर्ता नविकरण नभएका एम्वुलेन्स कार्यपालिकाले नियन्त्रणमा लिन सक्नेछ ।

(६) एम्वुलेन्स जुन ठाउँ र संस्थाद्धारा संचालित हो सोही ठाउँ वा संस्थाबाट सेवा संचालन गर्नु पर्नेछ ।

## परिच्छेद १२

## प्रेषण तथा उपचार प्रणाली

**६० . प्रेषण तथा उपचार प्रणाली :**

(१) स्वास्थ्य सेवा प्राप्त गर्नका लागी सेवाग्राहीले आफ्नो अनुकुल पायक पर्ने स्वास्थ्य संस्थामा उपस्थित हुन सक्नेछ ।

(२) उपदफा (१) बमोजिम उपचारको लागी आएको विरामिलाई उपचार प्रदान गर्न नसकीने अवस्था भएमा त्यस्ता स्वास्थ्य संस्थालाई त्यस्तो विरामीलाई उपचार प्रदान गर्न सक्ने स्वास्थ्य संस्थामा प्रेषण गर्नुपर्ने छ ।

(३) कार्यपालिकाले संघिय तथा प्रादेशिक कानुन, नियम तथा मापदण्ड समेत ध्यानमा राखि विभिन्न स्वास्थ्य संस्थामा हुने उपचार प्रणालीलाई संयोजन गर्न प्रेषण प्रणाली लागु हुनेछ ।

(४) विपन्न नागरिक उपचार सहयोग संघ, प्रदेश र स्थानिय तहले तोके बमोजिम हुनेछ ।

## परिच्छेद १३

## कसुर र दण्ड सजाय

**६१ . कसुर गरेको मानिने :**

(१) कसैले देहाय बमोजिमका कार्य गरेमा यो ऐन अन्तर्गत कसुर गरेको मानिनेछ ।

(क) दफा (२६) बमोजिम इजाजतपत्र नलिई स्वास्थ्य संस्था संचालन गरेमा,

(ख) स्वास्थ्य उपचार सेवा प्रदान गर्न इन्कार गरेमा,

(ग) स्वास्थ्य संस्थाले आधारभूत स्वास्थ्य सेवा तथा स्वास्थ्य संस्थामा उपलब्ध हुने आकस्मिक उपचार नगरेमा,

(घ) सेवा प्रदायकले सेवाग्राहीलाई समान व्यबहार नगरेमा

(ङ) सेवाग्राहीको गोपनियता कायम नगरेमा

(च) स्वास्थ्यकर्मी वा सेवाप्रदायकलाइ यो ऐन अन्तर्गतको कर्तव्य निर्वाह गर्न बाधाव्यवधान उत्पन्न गरेमा

(छ) स्वास्थ्यकर्मी वा स्वास्थ्य संस्थालाई यो ऐन बमोजिम सुचना वा जानकारी गराउनु पर्ने व्यक्तिले त्यस्तो सुचना वा जानकारी उपलब्ध नगराएमा

(ज) स्वास्थ्यकर्मी वा सेवाप्रदायकलाइ जानी जानी गलत सुचना उपलब्ध गराएमा

(झ) स्वास्थ्यकर्मी वा स्वास्थ्य संस्थालाइ झुक्याउन अर्को व्यक्ती भएको बाहाना गरेमा यो ऐन तथा यस ऐन अन्तर्गत बनेको नियम मापदण्ड निर्देशिका तथा कार्यविधि बमोजिम जारी भएको सुचना पालना नगरेमा

(ञ) यस ऐन बमोजिम खाद्य पदार्थ तथा पानीको गुणस्तरका कारण जनस्वास्थ्यमा प्रतिकुल प्रभाव पारेमा एवं ऐन विपरित विज्ञापन गरेको पाइएमा

(ट) गाउँकार्यपालिकाले तोकेको भन्दा फरक ठाउँमा फाहोर मैला विसर्जन गरेमा ।

(ठ) स्वास्थ्य व्यवस्थापन सुचना प्रणाली प्रतिबेदन मासिक र बार्षिक रुपमा पेश नगरेमा

(ड) स्वास्थ्य उपचार उपलब्ध गराउने क्रममा सेवा प्रदायक र सेवा प्रदायक संस्थामा कानुन बमोजिम कार्यहरु हात पात दुर्व्यबहार तोडफोड गरेमा

**(२) दण्ड सजाय**

(क) उपदफा १ को खण्ड क बमोजिम कसुर गरेमा संघिय जनस्वास्थ्य सेवा ऐन २०७५ बमोजिम हुनेछ । ( दश लाख रुपैयाँ जरिवाना वा २ बर्ष सम्म कैद वा दुवै सजाय हुनेछ ।)

(ख) उपदफा १ को खण्ड ख देखि ड सम्म कसुर गरेको पाइएमा पाँच हजार देखि पच्चिस हजार सम्म जरिवाना हुनेछ ।

(ग) यस ऐन अन्तर्गत सजाय हुने कसुर सम्बन्धी मुद्धाको शुरु कारबाही र किनारा गर्ने अधिकार कार्यपालिकालाइ हुनेछ ।

**३. पुनरावेदन** : यस ऐन अन्तर्गत सजाय हुने कसुर सम्बन्धी मुद्धामा कार्यपालिकाले गरेको निर्णय उपर ३५ दिन भित्र जिल्ला अदालतमा पुनरावेदन लाग्नेछ ।

## परिच्छेद १४
## विविध

**६२ . सुरक्षित क्षेत्रको रुपमा कायम गर्नुपर्नेः**

(१) स्वास्थ्य संस्थामा स्वतन्त्र र भयरहित रुपमा उपचार तथा सेवा पाउने वातावरण सिर्जना गर्न तथा कुनै पनि किसिमको अवाञ्छित क्रियाकलाप हुन नदिने गरी सुरक्षित क्षेत्र कायम गर्नु सवैको कर्तव्य हुनेछ।

(२) उपदफा (१) बमोजिम सुरक्षित क्षेत्र कायम गर्दा स्वास्थ्य संस्थाले पालना गर्नु पर्ने सर्त तथा मापदण्ड तोकिए बमोजिम हुनेछन्।

(३) कुनैपनि स्वास्थ्य संस्थामा उपचार तथा सेवामा लिङ्ग, धर्म, वर्ण, जात, वर्ग आदिको आधारमा भेदभाव एवं दुर्व्यवहार दण्डनिय हुनेछ।भए गरेको पाइए प्रचलित कानून वमोजिम कारवाही हुनेछ।

(४) कुनै पनि स्वास्थ्य संस्थामा उपचार तथा सेवा दिदा सेवा लिनेको व्यक्तिगत गोपनियताको हक सुरक्षित गराउनु सम्वन्धित स्वास्थ्य संस्था र कार्यरत स्वस्थ्यकर्मीको कर्तव्य हुनेछ।व्यक्तिगत गोपनियताको हक सुरक्षित नभएको वा कुनै पनि बहानामा अन्यथा भएगरेको पाइएमा प्रचलित कानून वमोजिम कारवाही हुनेछ ।

**६३ . प्राइभेट मेडिकल कलेज,अध्ययन संस्थान र ठूला अस्पताल सञ्चालनका लागि सिफारिसः-**

(१) संघीय, प्रादेशिक मापदण्ड अनुरुप निजी स्तरमा मेडिकल कलेज तथा स्वास्थ्य अध्ययन संस्थान, अस्पताल वा निदान केन्द्र स्थापनाका लागि सम्वन्धित वडा र गाउँपालिकाबाट सिफारिस लिनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिमको सिफारिस लिंदा वातावरणीय प्रभाव अध्ययन गरी स्थानीय स्तरमा पर्ने नकारात्मक प्रभावहरुको न्यूनीकरणका लागि कार्यक्रम र बजेट प्रस्ताव गरिएको हुनु पर्नेछ।

(३) सिफारिसका लागि गाउँपालिकाको आर्थिक ऐनले तोके बमोजिमको राजश्व दस्तुर बुझाउनु पर्नेछ।

**६४ . संघीय, प्रादेशिक अभियानलाई सघाउ पुऱ्याउनु पर्नेः**

स्वास्थ्य सेवा सम्वन्धी राष्ट्रिय तथा अन्तराष्ट्रिय मापदण्ड पूरा गर्न संघीय तथा प्रदेश सरकारले सञ्चालन गरेको अभियानलाई सहयोग पुऱ्याउन गाउँपालिका स्वास्थ्य तथा सरसफाई शाखाले समन्वय गर्नेछ।

**६५ . अनुगमन र नियमनः**

आमा समूह,धामी झाँक्री र आम्ची सेवाको अभिलेख अद्यावधिक गरी तिनीहरुको क्रियाकलापलाई स्वास्थ्य तथा सरसफाई शाखाले अनुगमन र नियमन गर्नेछ।

**६६ . साझेदारी सम्वन्धमाः**

(१) गाउँपालिकाले आधारभूत स्वास्थ्य तथा सरसफाई सेवा प्रदान गर्नका लागि अन्य सरकारी निकाय, निजी व्यवसायी, सामाजिक संघ/संस्था, ट्रष्ट र व्यक्तिहरुसँग विभिन्न कार्यका लागि साझेदारी गर्न सक्ने छ र तिनीहरुबाट औषधि, उपकरण, विशेषज्ञ सीपहरुको सहायता प्राप्त गर्न सक्नेछ।

(२) सेवा प्रवाहको सुलभता वा खर्च न्युनिकरणको लागी कार्यपालिकाले अन्य स्थानिय सरकार संग सहकार्य गरी आफ्नै क्षेत्र वा नजिकको पाएक पर्ने स्थानिय तहमा संचालित स्वास्थ्य सेवा मार्फत सेवा प्रवाह गर्न सकिनेछ ।

३) उपदफा (२) बमोजिमको सहकार्य गर्न कार्यपालिकाले अन्य गाउँपालिका संग लक्षित जनसङख्याको अनुपातका आधारमा वा सेवाग्राही संख्याको अनुपातका आधारमा खर्च वाँडफाड गर्ने गरि संयुक्त सेवा संझौता गर्न सक्नेछ।

**६७ . विद्यालय स्वास्थ्य सेवा :**

(१) गाउँपालिकाले शैक्षिक निकाय तथा विद्यालय संग सहकार्य गरि विद्यालय स्वास्थ्य सेवा प्रदान गर्न विद्यालय नर्सको व्यवस्था गर्न सक्नेछ ।

(२) विद्यालय स्वास्थ्य सेवा र विद्यालय नर्स सम्बन्धी व्यवस्थाको प्रकृति र मापदण्डहरु कार्यपालिकाले तोके बमोजिम हुनेछ ।

**६८ . घुम्ती शिविर सम्बन्धी व्यवस्था**

(१) स्वास्थ्य सम्बन्धी घुम्ती शिविर वा सेवाहरु संचालन गर्न स्वास्थ्य शाखाबाट पूर्व अनुमती लिनुपर्नेछ ।

(२) घुम्ती स्वास्थ्य शिविर वा सेवाहरु प्रदान गर्दा पुरा गर्नुपर्ने प्रकृया र मापदण्ड कार्यपालिकाले तोके बमोजिम हुनेछ ।

**६९ . प्रगति विवरण बुझाउनु पर्नेः**

(१) गाउँपालिकाको स्वामित्वका स्वास्थ्य संस्थाले माशिक,चौमाशिक,अर्धवार्षिक तथा वार्षिक प्रतिवेदन पेश गर्नु पर्नेछ।

(२) नीजि स्वामित्वका स्वास्थ्य संस्थाले वार्षिक प्रतिवेदन पेश गर्नु पर्नेछ।

(३) उपदफा (१) (२) मा जेसुकै उल्लेख भएपनि गाउँपालिकाको तथा सम्वन्धित निकायले माग गरेको अवस्थामा वा कुनै पनि समयमा तोकिएका विवरणहरु माग गर्ने निकायमा पेश गर्नु सम्वन्धित संस्थाको जिम्वेवारी हुनेछ।

**७० . नियम बनाउने अधिकारः**

(१) यस निर्देशिकाले उद्देश्य कार्यान्वयन गर्न गराउन कार्यपालिकाले आवश्यक व्यवस्थाहरु सहित स्वास्थ्य सेवा नियमावली बनाउन सक्नेछ।

(२) यस निर्देशिकाले कार्यान्वयनका लागी गाउँपालिकाको स्वास्थ्य सेवा समन्वय समितिले आवश्यक निर्देशिका तथा कार्यविधि बनाई लागु गर्न सक्नेछ।

(३) कार्यपालिकाले समग्र स्वास्थ्यक्षेत्रको व्यवस्थापन वा कुनै विशेष विषयलाई लिएर विशेष निर्देशन जारी गर्न सक्नेछ ।

**७१. संक्रमणकालीन व्यवस्थाः**

यस निर्देशिका तोकिएको तथा तोकिए बमोजिम हुने भनी व्यवस्था गरेको काम नियमावली नआए सम्म कार्यपालिकाले गर्न सक्नेछ।

**७२. बाधा अडकाउ फुकाउने अधिकारः** यस ऐनको उद्देश्य कार्यान्वयन गर्न कुनै बाधा अड्‌काउ परेमा कार्यपालिकाले त्यस्तो बाधा अड्‌काउ हटाउन आदेश जारी गर्न सक्नेछ।

**७३. बचाउ र लागु नहुनेः-**

(१) यो निर्देशिका र अन्तर्गत बनेका नियमावलीमा लेखिए जति कुरामा सोही बमोजिम र अन्य विषयमा प्रचलित कानून बमोजिम हुनेछ।

(२) संघीय र प्रादेशिक कानूनसँग बाझिन गएमा बाझिन गएका यस ऐनका दफा र उपदफाहरू बाझिएको हद सम्म स्वतःखारेज हुनेछ।

**स्वास्थ्य सेवा सञ्चालन तथा गुणस्तर सम्बन्धी व्यवस्था**

**७४** स्वास्थ्य सेवा सञ्चालन: (१) यस निर्देशिका बमोजिम अनुमति नलिई कसैले पनि स्वास्थ्य सेवा सञ्चालन गर्नु हुँदैन।

(२) कसैले यस निर्देशिका बमोजिम अनुमति नलिई स्वास्थ्य सेवा सञ्चालन गरेको पाइएमा सो कार्य रोक्न तथा त्यस्तो स्वास्थ्य संस्थालाई आवश्यक कानूनी कारबाहीको लागि गृह मन्त्रालय मार्फत वा सोझै सम्बन्धित जिल्ला प्रशासन कार्यालयमा लेखी पठाइनेछ र त्यस्ता संस्थाका सञ्चालकलाई भविष्यमा स्वास्थ्य संस्था सञ्चालन अनुमति प्रदान नगर्ने गरी अभिलेख समेत राखिनेछ ।

(३) स्वास्थ्य संस्थाले आफ्ना उद्देश्य र क्षमता अनुसार अनुमति प्रदान गर्ने निकायबाट अनुमति लिई देहायका सेवाको समुचित व्यवस्था गरी स्वास्थ्य सेवा सञ्चालन गर्न सक्नेछ:-

(क) आकस्मिक सेवा,

(ख) बहिरङ्ग सेवा,

(ग) अन्तरङ्ग सेवा,

(घ) निदान सेवाहरू (प्रयोगशाला, रेडियो इमेजिङ आदि),

(ङ) शल्यक्रिया सेवा,

(च) सघन उपचार सेवा,

(छ) प्रबर्द्धनात्मक तथा प्रतिरोधात्मक सेवा,

(ज) विशेषज्ञ सेवा,

(झ) फार्मेसी सेवा,

(ञ) रक्त सञ्चार सेवा,

(ट) फिजियोथेरापी सेवा,

(ठ) शवगृह व्यवस्था,

(ड) अस्पताल व्यवस्थापन,

(ध) वातावरणीय व्यवस्थापन,

(ण) स्वास्थ्य संस्थाबाट निष्काशित फोहरमैला व्यवस्थापन ।

**७५.**गुणस्तर सुनिश्चितता सम्बन्धी मापदण्डः (१)

स्वास्थ्य संस्थाले दफा ३ बमोजिमका स्वास्थ्य सेवा सञ्चालन गर्दा देहायको गुणस्तर सुनिश्चितता गर्नुका साथै देहायमा उल्लेखित मापदण्डको समेत पालना गरेको हुनु पर्नेछः-

(क ) बहिरङ्ग बिरामीको बिरामी विभागमा आउने चापका आधारमा दर्ता, विशेषज्ञ परामर्श, निदानात्मक सेवाहरु औषधि कक्षमा दिने छिटो छरितो सेवा व्यवस्था मिलाउनु पर्ने,

(ख) स्वास्थ्य संस्थामा नेपाल सरकारले निर्धारण गरेको मापदण्ड बमोजिम संक्रमण नियन्त्रणको व्यवस्था तथा सोको नियमित र प्रभावकारी अनुगमन गर्नु पर्ने,

(ग) स्वास्थ्य संस्थाले विभिन्न ईकाइबाट प्रदान गर्ने स्वास्थ्य सेवाहरु स्तरीय रुपमा सञ्चालन गर्न कार्यसञ्चालन निर्देशिका तयार गरी लागू गर्नु पर्ने,

(घ) स्वास्थ्य संस्थाले बहिरङ्ग सेवा प्रदान गर्ने चिकित्सकहरु उपलब्ध हुने समय तालिका (दिन र बार खुल्ने गरी) सबैले देख्ने ठाउँमा राखिएको हुनुपर्ने,

(ङ) स्वास्थ्य संस्थाले उपलब्ध गराउने भनिएको विशेषज्ञ चिकित्सकबाट प्रदान गर्ने व्यवस्था मिलाउनु पर्नेछ, सेवा विशेषज्ञ

(च) बिरामीले आफूले सेवा लिन चाहेको चिकित्सकबाट सेवा लिन पाउने व्यवस्था सुनिश्चित गर्नु पर्ने,

(छ) बिरामी रेखदेख गर्ने व्यक्तिलाई वा बिरामीको रोग र उपचार पद्धतिबारे स्पष्ट जानकारी दिने व्यवस्था हुनु पर्ने,

(ज) अस्पताल परिसर तथा सेवा दिने कक्षहरु नियमित रुपमा सफा सुग्घर राखिएको हुनु पर्ने,

(झ) सबैले देख्ने स्थानमा उजुरी पेटिका राखिएको हुनु पर्ने,

(ञ) गुनासो व्यवस्थापनका लागि गुनासो सुन्ने अधिकारी तोकी गुनासो तथा पर्न आएका उजुरी समाधान गर्ने तथा समाधान हुन नसक्ने भएमा सोको कारण सम्बन्धित व्यक्तिलाई जानकारी गराउनु पर्ने,

(ट) बिरामीले संस्थाबाट सेवा प्राप्त गर्न लाग्ने शुल्क, प्रकृया तथा अवधि समेत खुलाएको अनुसूची- ७ ढाँचामा तयार गरिएको नागरिक वडापत्र (Citizen charter) अस्पतालमा गरी सबैले देखिने गरी राखे र सोही अनुरूप सेवाको सुनिश्चितता गर्नु पर्ने,

(ठ) अस्पतालमा आउने बिरामीलाई आवश्यक पर्ने जानकारी गराउन सोधपुछ वा सहायता कक्षको व्यवस्था गरी सेवाग्राहीलाई आवश्यक जानकारी दिने व्यवस्था गरेको हुनु पर्ने,

(ड) सेवा प्रदायक चिकित्सक तथा स्वास्थ्यकर्मीहरुको सुरक्षाका लागि विभिन्न सरुवा रोग विरुद्धको खोप तथा व्यक्तिगत सुरक्षा व्यवस्था गरेको हुनु पर्ने,

(ढ) हरेक स्वास्थ्य संस्थामा कार्यरत कर्मचारीहरुको सेवा शर्त सम्बन्धी विनियम बनाएको हुनु पर्ने,

(ण) स्वास्थ्य संस्थाले नेपाल सरकारबाट सञ्चालित सेवा वा कार्यक्रम सञ्चालन गर्दा नेपाल सरकारले तोकेको प्रोटोकल/मापदण्ड/निर्देशिका अनिवार्य रुपमा पालना गरेको हुनु पर्ने,

(त) अस्पतालले चौबीसै घण्टा डाक्टर र कुशल स्वास्थ्यकर्मीबाट आकस्मिक सेवा दिएको हुनु पर्ने,

(th) अनौपचारिक कक्षमा रहेको ओछ्यान क्षमताको आधारमा डाक्टर र अन्य स्वास्थ्यकर्मीको व्यवस्था गरेको हुनु पर्ने र आकस्मिक खटाईएका कक्षमा स्वास्थ्यकर्मीको विवरण अनुसूची- ८ बमोजिमको ढाँचामा सबैले देखे ठाँउमा राख्नु पर्ने,

(द) आकस्मिक विभागवाट बिरामी भर्ना गर्ने, रिफर गर्ने, बिरामीको रिफरल प्रकृया र बिरामी सार्ने पद्धति स्पष्ट परिभाषित भएको हुनु पर्ने र सोको व्यहोरा बमोजिमको ढाँचामा सबैले देख्ने ठाँउमा राख्नु पर्ने,

(ध) अस्पतालमा उपचारका लागि आउने विपन्न, असहाय, बेवारिसे बिरामीका लागि कुल शैयाको दश प्रतिशत शैया छुटयाई निःशुल्क उपचार अनिवार्य रुपमा उपलब्ध गराउनु पर्ने,

(न) खण्ड (ध) बमोजिम उपलब्ध गराएका उपचार सेवाको अभिलेख राखी सो को प्रतिवेदन सम्बन्धित नगरपालिकाको कार्यालयमा नियमित रुपमा पठाउनु पर्ने,

(प) अस्पतालमा जेष्ठ नागरिकलाई विशेष किसिमको सुविधाको व्यवस्था हुनु पर्ने र आवश्यक मात्रामा शैया छुट्याइएको हुनु पर्ने,

(फ) स्वास्थ्य संस्था सञ्चालन गरिने भवन र अन्य पूर्वाधार भवन संहिता र सम्बन्धित क्षेत्र भवन निर्माण सम्बन्धी मापदण्ड अनुरुप हुनु पर्ने,

(ब) अस्पतालले विपद व्यवस्थापनको कार्ययोजना बनाएको हुनु पर्ने र सो कार्यका लागि सम्पर्क व्यक्ति तोकी सोको जानकारी सम्बन्धित नगरपालिकाको कार्यालय र जिल्ला समन्वय समितिमा दिनु पर्ने,

(भ) सूचना अधिकारी तोक्नु पर्ने ।

(२) अस्पताल सम्बन्धी अन्य मापदण्ड स्वास्थ्य संस्था स्थापना, सञ्चालन तथा स्तरउन्नति मापदण्ड सम्बन्धी निर्देशिका, २०७० बमोजिम हुनेछ ।

(३) स्वास्थ संस्थामा हुनुपर्ने औजार तथा उपकरण सम्बन्धी व्यवस्था स्वास्थ्य संस्था स्थापना, सञ्चालन तथा स्तरोन्नती मापदण्ड सम्बन्धि निर्देशिका, २०७० बमोजिम हुनेछ ।

## अनुसूची १

(दफा २ को खण्ड (क) सँग सम्बन्धित)

पूर्वाधार, स्थायी एवं स्तरोन्नती स्वीकृतिको प्रयोजनका लागि अनुगमन समिति सम्बन्धी व्यवस्था

गाउ पालिका स्तरीय

१. मेडिकल अधिकृत - संयोजक

२. ल्याब टेक्नीसियन/अधिकृत (एक) -सदस्य

३. रेडियोग्राफर/अधिकृत (एक) - सदस्य

४. पब्लिक हेल्थ नर्स/अधिकृत (एक) – सदस्य

५. इन्जिनियर / सब इन्जिनियर (एक) - सदस्य

६.गाउपालिकाबाट मनोनित विज्ञ (दुई) - सदस्य

७. गाउपालिकाको कानुन अधिकृत वा गाउप्रमुखले तोकेको कानुनविद् एकजना –सदस्य

८. शाखा प्रमुख - सदस्य सचिव

नोटः समितिले आवश्यकता अनुसार सम्बन्धित विषयका विशेषज्ञलाई समितिका सदस्यकारुपमा थप गर्न सक्नेछ ।

## अनुसूची- २

(दफा २ को खण्ड (न) सँग सम्बन्धित)

**भवन सम्बन्धी मापदण्ड**

सुनिलस्मृति गाउपालिका भित्रको हकमा देहायको मापदण्ड अनुसार कायम गरिनु पर्नेछ ।

अधिकतम ग्राउण्ड कभरेज -४० प्रतिशत

Floor Area Ratio (FAR) -२.५

न्यूनतम पार्किङ स्थल -जम्मा जग्गाका २५ प्रतिशत

भवनको सेट ब्याक (Set Back) - कम्तीमा ३ मिटर भवनका चारैतिर

लाईट प्लेन-६३.५ डिग्री

लाईट प्लेनभवनको उचाइ -६६.५ मिटर

अनुसूची- ३

(दफा ४ का उपदफा (१) सँग सम्बन्धित)

पूर्वाधार स्वीकृतिको मनसायपत्रका लागि निवेदन फाराम

श्री .............................................................

निम्नानुसार प्रस्तावित अस्पतालकोसञ्चालन तथा पूर्वाधार स्वीकृतिको मनसाय पत्रका लागि देहाय अनुसारकागजात सहित निवेदन फाराम पेश गरको छु/छौ ।

**निवेदन फाराम:**

कार्यकारी अधिकृत / सञ्चालक समितिका तर्फबाट .............................................................

१. अस्पतालको नाम :-

शैया संख्या :-

२. साधारण सेवा/विशेषज्ञ सेवा वा अस्पताल केहो

उल्लेख गर्ने:-

३. अस्पतालको ठेगाना ( पत्राचार गर्ने ठेगाना) :-

नगरपालिका:-

वडा नं.:-

ब्लक नं.:-

टोल:-

मोबाइल:-

टेलिफोन नं:-

पो.ब.नं. :-

४. अस्पताल खोल्ने व्यक्तिहरु (५ प्रतिशत भन्दा बढी शेयर धारण गर्नेहरुको मात्र):-

नाम:-

ठेगाना:-

नागरिकताान.:-

मोबाइल नं. :- फोन नं. :-

५. अस्पतालको लागि आवश्यक जग्गा र स्वामित्वको :-

(क) जग्गाको कित्ता, क्षेत्रफल र स्वामित्वका प्रकार:-

(ख) लिजमा भए कबुलियतनामा पेश गर्ने:-

६. अस्पतालको वित्तीय स्रोत:-

(क) निजी लगानी

(ख) बैंक कर्जा

(ग) सरकारी

(घ) अनुदान सहयोग

(ङ) गैरसरकारी संस्थाबाट कर्जा लिई सञ्चालन गर्ने भए सोको विवरण

(च) अन्य वित्तीय लगानी:- (स्थिर पूँजी लागत) रु. .......

(१) भवन तथा जग्गाको लागि:- रु. .......

(२) औजार उपकरणका लागि:- रु. .......

वित्तीय लगानी (चालुपूँजी लागत) रु.

रोजगार संख्या :-

अनुमानित आम्दानी रु.

अनुमानित मुनाफा रु. मासिक रु. त्रैमासिक रु.

वार्षिक रु.

७. देहायका विषयहरु समेत समावेश भएकको व्यावसायिक कार्ययोजना :-

(क) स्वीकृत संस्थाबाट प्रदान गर्ने सेवाहरूको विवरण :-

निदानात्मक सेवा प्रतिकारात्मक सेवा उपचारात्मक सेवा

-एक्स-रे -गर्भवती, -सुत्केरी जाँच प्रसुती तथा स्त्रीरोग -खोप -जनरल मेडिसिन -अल्ट्रासाउण्ड

-परिवार नियोजन -जनरल सर्जिकल

- इन्डोस्कोपी -विशेषज्ञ सेवा: जस्तै प्रसूति सेवा

- इसीजी, -ट्रेडमिल

मिर्गौला रोग, स्नायु, आँखा,

-प्रयोगशाला हाडजोर्नी, मानसिक सेवा

(ख) संस्थामा प्रयोग हुने आवश्यक उपकरणहरूको विवरण (संलग्न गर्ने):-

(ग) संस्थामा सेवा पु-याउनका लागि आवश्यक पर्ने जनशक्तिको विवरण (संलग्न गर्ने):-

(१) विशेषज्ञ :-

नाम:-

पोस्ट:-

क्षमता:-

आंशिक समय:-

पुरै समय:-

(२) प्राविधिक:-

नाम:-

पोस्ट:-

क्षमता:-

आंशिक समय:-

पुरै समय:-

(३) प्रशासनिक:-

नाम:- पदनाम:-

क्षमता:-

आंशिक समय:-

पुरै समय:-

नोट:-

(१) संस्थामा कार्य गर्ने प्राविधिक कर्मचारीहरू सम्बन्धित परिषदमा दर्ता भएको हुनुपर्ने। सम्बन्धित परिषदको प्रमाण पत्र अनिवार्यरुपमा पेश गर्नुपर्नेछ ।

(२) कर्मचारीहरूको योग्यताका प्रमाणित प्रतिलिपिको साथै कार्य गर्ने मन्जुरीनामा समेत संलग्न हुनुपर्ने ।

(३) सरकारी कार्यालयमा कार्यरत कर्मचारीहरू संलग्न हुने भएमा नेपाल स्वास्थ्य सेवा ऐन, २०५३ को दफा ५९ अनुसारको स्वीकृति पत्र अनिवार्यरुपमा संलग्न हुनुपर्ने।

(४) प्राविधिक कर्मचारीहरुले आफू कार्य गर्ने अन्य संस्थाको समेत विवरण खुलाउने ।

## अनुसूची- 4

(दफा ५ को उपदफा (१) सँग सम्बन्धित) स्वास्थ्य संस्थाको स्थापना, सेवा विस्तार वा स्तरोन्नतिको लागि अनुमति प्राप्त गर्न दिन निवेदन फाराम

१. संस्थाका नाम: -

२. साधारण सेवा/ विशषज्ञ सेवा अस्पतालमा कुन हो उल्लेख गर्ने:-

शैया संख्या :-

३. संगठन कार्यालय (पत्रकारालय):- टेलिफोन नम्बर:-

४. संस्था खोल्ने व्यक्तिहरु :-

नाम:-

नागरिकता नं.:-

ठेगाना :-

फोन नं.:-

मोबाइल नम्बर:-

५. संस्थाको वित्तीयस्रोत:-

क. निजी :-

ख. शेयर कर्जा :-

ग सरकार:-

घ. गैर सरकारी संस्थाबाट कर्जा लिइ सञ्चालन गर्ने भए सो उल्लेखगर्ने:-

वित्तीय लगानी:- (लागत) रु.
क. भवन तथा जग्गाको लागि औजार उपकरण:-
जनशक्ति:–
अनुमानित आम्दानी:–
आम्दानी
स्वदेशी:-
विदेशी:-
अचलसम्पत्तिको स्रोत:–
अनुमानित मनाफा:-
मासिक:-
त्रैमासिक:-
वार्षिक:-
६. नर्सिङ्ग होम तथा निजी अस्पतालको वर्गीकरण अनुसार प्रदान गर्ने सेवाहरुकोविवरणकुन–कुन सेवा पु-याउनेहो? खुलाउने ।
निदानत्मक सेवाप्रतिकारात्मक सेवाउपचारात्मक सेवाअन्य सेवा
एक्स-रे खोप प्रसूति र स्त्रीरोग एम.सि.एच. क्लिनिक, परिवार नियोजन, प्याथोलोजी ल्याव, आहार विहार,
जनरल मेडिसिन, अल्ट्रासाउण्ड, जनरल सर्जिकल, विशेषज्ञ सेवा इ.सी.सी., ट्रेडमील, प्रयोगशाला, जस्तै:-
इण्डोस्कापी शल्य चिकित्सा सेवा र रुजहर व्यवस्थापन प्रसूति सेवा, मृगोला रोग, न्यूरो, दन्त चिकित्सा
७. संस्थामा प्रयोग हुन आवश्यक मुख्य उपकरणकोविवरण तथा स्रोत:-
(क)
(ख)
८. सान्दर्भिक मापदण्ड अनुसार संस्थामा सेवा गर्ने कर्मचारीहरूको विवरण:-
(क) विशेषज्ञ:-
नाम:-
पद:-
योग्यता पूर्ण समय:-
आंशिक समय:-
(ख) प्राविधिक:-
नाम:-
योग्यता पूर्ण समय:-
पोस्ट:-
आंशिक समय:-
क्षमता:-
पुरै समय:-
(ग) प्रशासनिक:-

नाम:-

पोस्ट:-

योग्यता:-

आंशिक समय:-

पुरै समय:-

नोट: (१) सम्बन्धित सेवा अनुसार निर्धारित मापदण्ड र पूर्वाधार पूरा भएपश्चात मात्र सेवा सञ्चालन गर्न पाईने,

(२) उपर्युक्त बमोजिम के कति कर्मचारीको संस्थामा संलग्न हुन हो, स्पष्ट उल्लेख हुनुपर्ने,

(३) सबैशुल्क विवरण विस्तृत रुपमा उल्लेख हुनुपर्ने,

(४) संस्थामा कार्य गर्ने प्राविधिक कर्मचारी सम्बन्धित परिषदमा दर्ता भएको हुनुपर्ने, सम्बन्धित परिषदको

प्रमाणपत्र अनिवार्य रुपमा पेश गर्नुपर्ने,

(५) कर्मचारीको योग्यताका प्रमाणित प्रतिलिपिको साथै कार्य गर्ने मन्जुरीनामा समेत संलग्न हुनुपर्ने,

(६) नेपाल सरकारमा कार्यरत कर्मचारी संलग्न हुने भएमा नेपाल स्वास्थ्य सेवा ऐन, २०५३ का दफा ५९ अनुसारको स्वीकृति पत्र अनिवार्य रुपमा संलग्न हुनुपर्ने,

(७) प्राविधिक कर्मचारीले आफू कार्य गर्ने अन्य संस्थाको समेत विवरण खुलाउने।

नोटः स्वास्थ्य संस्था सञ्चालनको लागि निवेदन दिँदा सलग्न गर्नुपर्ने कागजातः-

१. अनुरोध फारम,

२. कम्पनी दर्तासंस्था दर्ताको प्रमाणित प्रतिलपि,

३. संस्था/कम्पनीको विधानप्रवन्ध पत्र, नियमावलीको प्रतिलिपि,

४. स्थायी लेखा दर्ता प्रमाणपत्रको प्रतिलिपि,

५. स्थापना गर्न लागिएको ठाउँमा अस्पताल आवश्यक छ भन्नेसम्बन्धित वडाको सिफारिस पत्र,

६. अस्पतालमा काम गर्ने जनशक्ति सम्बन्धी विवरणः

क. बायोडेटा

ख. शैक्षिक योग्यता, तालिमका प्रमाणित प्रतिलिपि,

ग. प्राविधिक कर्मचारीले सम्बन्धित काउन्सिलको दर्ता प्रमाणपत्रको प्रतिलिपि,

घ. नागरिकता प्रमाणपत्रको प्रतिलिपि,

ङ. जनशक्तिको काम गर्ने समय पार्ट टाइमफुल टाइम किटान गर्नुपर्नेछ ।

च. मन्जुरीनामा / कबुलियतनामा ।

७. औजार उपकरणको विवरण तथा स्रोत,

८. पूर्ण सेवा शुल्क विवरण,

९. भौतिक सामग्रीको विवरण,

१०. प्रारम्भिक वातावरणीय परीक्षण (eei) वा वातावरणीय प्रभाव मूल्याङ्कन (iae) स्वीकृति पत्रको प्रतिलिपि,

११. अस्पतालको विस्तृत सर्भेक्षण सहितको प्रस्ताव,

१२. अस्पतालको आर्थिक नियमावली,

१३. अस्पतालले लिनेसेवा शुल्क विवरण र गरीब तथा असहायलाई छुट दिने नीति,

१४. प्रदान गरिने सेवाको विवरण,

१५. जग्गा / घरको स्वामित्व,

१६. घर / कोठा बहालमा लिई सञ्चालन गर्ने भए घर बहाल सम्झौतापत्र र भवन स्वास्थ्यसंस्था सञ्चालन गर्न राष्ट्रिय भवनसंहिता बमोजिम उपयुक्त छ भन्ने सम्बन्धी सिफारिश पत्र,

१७. भवनको स्वीकृत नक्सा,

१८. संस्थाको चल अचल सम्पत्ति विवरण तथा वित्तीय स्रोत,

१९. संस्थाका कार्य योजना (hemeSc),

२०. PAN मा दर्ता नम्बरः,

२१. कर चुक्ता प्रमाण पत्र ) लागू हुने अवस्थामा मात्रै,

२२. लेखापरीक्षण प्रतिवेदन लागू हुने अवस्थामा मात्रै,

२३. बिरामी बडापत्रको नमुना,

२४. सम्बन्धित निकायको भवन संहिता सम्बन्धी स्वीकृति पत्र,

२५. दश रूपैयाँको हुलाक टिकट,

२६. मूल्य अभिवृद्धि कर वा आयकरमा दर्ता भएको प्रमाणपत्र,

२७. भवन निर्माण सम्पन्न प्रमाणपत्र,

२८. सम्बन्धित निकायबाट भवनको नक्सा डिजाइन र निर्माण राष्ट्रिय भवन संहिताका मापदण्ड बमोजिम
भएको स्वीकृति पत्र ।

अनुसूची ५

(दफा ५ को उपदफा (२) सँग सम्बन्धित) स्वास्थ्य क्लिनिक / रेडियो इमेजिङ सेवा/ पोलिक्लिनिक सञ्चालन अनुमति माग गर्ने निवेदन फाराम

१. संस्थाको नाम:-

शैया संख्या :-

२. संस्थाको ठेगानाः (पत्राचार गर्ने ठेगाना):-

राज्य:-

जिल्ला:-

नगरपालिका:-

ब्लक नं:-

पो. व. नं.:-

वडा नं:-

बेड नम्बर:-

टेलिफोन:-

३. संस्था खोल्ने व्यक्तिहरु :-

नाम:-

नागरिकता:-

नम्बर:-

ठेगाना:-

फोन नम्बर:-

४. संस्थाको आर्थिक स्रोत:-

क. निजी:-

ग. वैदेशिक:-

घ. गैर सरकारी:-

ख. शेयर कर्जा:-

ग. समुदाय:-

५. संस्थाको क्षमता र विस्तृत कार्य योजना:-

प्रदान गरिएको सेवा क्षेत्रः

निदान सेवाहरू रोकथाम सेवाहरू उपचार सेवा

- खोप

-एक्स रे

-प्रसूति र स्त्री रोग विज्ञान-

-अल्ट्रासाउण्ड

-जनरल मेडिसिन

- M.C.H.

-इन्डोस्कोपी

-परिवार नियोजन सेवा

-जनरल सर्जिकल विशेषज्ञ सेवा जस्तै आँखा, नाक, मुटु, मिर्गौला, स्नायुरोग इत्यादि ।

- ई.सी.सी. ट्रेडमिल प्रयोगशालाअन्य सेवा :- फार्मेसी

६. सेवा शुल्क- अलग्गै स्पष्टसँग खुलाउने :

७. संस्थामा सेवा हुन आवश्यक उपकरणको विवरण तथा स्रोत :-

८. संस्थामा सेवा पु-याउने जनशक्ति विवरण :-

संख्या / योग्यता / अनुभव / पार्टटाईम / फुलटाईम / अन्य सुबिधा सामान्य चिकित्सक:

विशेषज्ञ:

चिकित्सक:

अन्य प्राविधिक:

नोट:

(१) सम्बन्धित सेवा अनुसार निर्धारित मापदण्ड र पूर्वाधार पूरा भए पश्चात मात्र सेवा सञ्चालन गर्न पाईनेछ ।

(२) उपयुक्त बमोजिम के कति कर्मचारीको संस्थामा संलग्न हुने हो, स्पस्ट उल्लेख हुनुपर्ने,

(३) संस्थामा कार्य गर्ने कर्मचारी सम्बन्धित परिषदमा दर्ता भएको हुनुपर्ने र सम्बन्धित परिषदको प्रमाणपत्र अनिवार्य रुपमा पेश गर्नुपर्ने,

(४) कर्मचारीको योग्यताको प्रमाणित प्रतिलिपि संलग्न हुनुपर्ने,

(५) नेपाल सरकारमा कार्यरत कर्मचारी संलग्नहुने भएमा नेपाल स्वास्थ्य सेवा ऐन, २०५३ को दफा ५९ अनुसार स्वीकृत पत्र अनिवार्य रुपमा संलग्न हुनुपर्ने ।

अनुसूची- ६

(दफा ८ र दफा ९ को उपदफा (२) सँग सम्बन्धित )

स्वास्थ्य संस्था स्थापना अनुमति तथा नवीकरण दस्तुर

| s.no | संस्थाको किसिम | शुल्क निर्धारण एकाइ | संस्थापना अनुमति दस्तुर (रूपैयाँमा) | नवीकरण दस्तुर (रूपैयाँमा) |
|---|---|---|---|---|
| १. | अस्पताल तथा नर्सिङ् होम | शैया संख्या | प्रति शैया ४००० | प्रति शैया ५०० |
| २. | डायग्रोस्टिक सेन्टर | सेवाको प्रकार | प्रति सेवा ४००० | प्रति सेवा १००० |
| ३. | पोलिक्लिनिक/क्लिनिक | सेवाको प्रकार | प्रति सेवा १०००० | प्रति सेवा १००० |
| ४. | आयुर्बेद अस्पताल /बैकल्पिक चिकित्सा | शैया संख्या | प्रति शैया २००० | प्रति शैया ५०० |
| ५. | आयुर्बेद क्लिनिक | सेवाको प्रकार | प्रति सेवा ५००० | प्रति सेवा ५०० |
| ६ | स्वास्थ्य क्लिनिक | | प्रति सेवा ५००० | प्रति सेवा ५०० |
| ७ | प्रयोगशाला सेवा | सेवाको प्रकार | प्रति सेवा ५००० | प्रति सेवा ५०० |
| ८ | फार्मेसी | सेवाको प्रकार | प्रति सेवा ५००० | प्रति सेवा ५०० |

अनुसूची-७

(दफा १५ उपदफा (१) को खण्ड (ट) संग सम्बन्धित स्वास्थ्य संस्थाबाट प्रदान गरिने सेवाको बिरामी वडापत्रको ढांचा

| सि.नं | शाखा | प्रदान गरिने सेवाको विवरण | प्रक्रिया | दस्तुर | लाग्ने समय | सम्पर्क व्यक्ति | गुनासो सुन्ने अधिकारी |
|---|---|---|---|---|---|---|---|

अनुसूची-८

(दफा १५ उपदफा (१) को खण्ड (थ) संग सम्बन्धित स्वास्थ्य संस्थाबाट आकस्मिक सेवाको लागि खटिने चिकित्सक तथा स्वास्थ्यकर्मीको विवरण

मिति:

| सि.नं | स्वस्थ्यकर्मी नाम | पद | समय | कैफियत |
|---|---|---|---|---|

**७६ . यसै अनुसार हुनेः**

(१) यस अघि भए गरेका काम कारवाहीहरु यसै ऐन अनुसार भएको मानिनेछ।

(२) यस अघि कानून बमोजिम नियुक्त स्वास्थ्यकर्मी, कर्मचारी र स्वयमसेवकहरूलाई नेपाल सरकारले दिइदै आएको सुविधामा कुनै किसिमको कटौती गरिने छैन। तर यो व्यवस्थाले कानून बमोजिम दण्ड, सजाय कार्यवाही गर्न बाधा पर्नेछैन।

आज्ञाले

गोबिन्द भट्टराई

प्रशासकीय अधिकृत